# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## शिवनाथ गाउँपालिका

### बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## शिवनाथ गाउँपालिका

## बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

शिवनाथ गाउँपालिका

बैतडी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

पत्र संख्याः २०७९।८०
च.नं. ५७३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
शिवनाथ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बैतडी ।

कैफियत सहितको राय

हामीले शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड ७१ लाख २ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २६ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड २२ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८७ लाख ९० हजार र पेश्की रू. ३३ लाख २८ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.११ करोड २७ लाख ३३ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१५ करोड २० लाख २० हजार रहेको छ। **गाउँपालिकाको बेरुजू वर्गीकरण एवं अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

शिवनाथ गाउँपालिका, बैतडी

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८१ | १०९ | ४७१०२ | ० | ० | ० | ८१ | १०९ | ४७१०३ | २६९१ | १८७९० | २२२९४ | ० | ० | ४१०८४ | ३३२८ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शिवनाथ गाउँपालिका बैतडी | ११२७३३ | ० | ७८१५ | १०४९१८ | ० | ४७१०२ | १५२०२० |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : शिवनाथ गाउँपालिका, बैतडी , शिवनाथ गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Raghunath Awasthi | २०७८-७-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dev Raj Sapkota | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४७,१०२,२९२.५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३,३२,३७,८६१.५७ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,१२,९९,४२९.१६ | **चालु खर्च** | २३,२६,१०,५०२.२ |
| **प्रदेश सरकारबाट अनुदान** | १,२५,०३,८६८ | **पूँजीगत खर्च** | १०,८३,०८,५५० |
| **राजश्व बाँडफाँट** | ५,९९,३२,३२४.२१ | **वित्तीय/अन्य व्यवस्था** | ८,०६,९५,४८९ |
| **आन्तरिक आय** | २९,६२,८६५.६ | | |
| **अन्य आय** | ८,०३,६५,२०३ | | |
| **कुल आय** | ४३,७०,६३,६८९.९७ | **कुल खर्च** | ४२,१६,१४,५४१.२ |
| **बाँकी मौज्दात** | | ४,८६,८७,०१०.३ | |

| क्रम | भौचरन | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | म्बर | | | |
|---|---|---|---|---|
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, २० सभा सदस्य, ८९.६५ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार ११५ जनसंख्या रहेको छ । | |
| ३ | | | **लेखापरीक्षण**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।५।२७ मा व्यवस्थापनसँग छलफल भएको छ। लेखापरिक्षणवाट देखिएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ४ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा कार्यालय समयमा भुक्तानी भएको वैठक भत्ता रू २३,०००। मिति २०७९।०५।१० मा दाखिला भएको छ। | |
| ४ | | | **वित्तीय विवरण** | |
| ४.१ | | | **वित्तीय विवरण —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन।<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. २०१३७०।०९ ले फरक देखिएको छ ।<br>• धरौटीको कारोबार सुत्रमा प्रविष्टि नगरेको कारण धरौटी आम्दानी, खर्च र सदरस्याहा विश्वासनिय देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था | |

| | | | | |
|---|---|---|---|---|
| | | | गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको भए तापनि आर्थिक विवरणले सम्पूर्ण कारोबार एकिकृत विवरण प्रस्तुत गर्दैन ।<br>• पालिकाले यस आर्थिक वर्षमा रु.४७०३०१५५१.५ को आय व्यय विवरण पेश गरेकोमा सामाजिक सुरक्षा तर्फको रु.७३४४४३४४।० र गरिबसँग विश्वेश्वर कार्यक्रम तर्फको रु.४६४०००।० समेत रु.७३९०८३४४।० सुत्रको म.ले.प. फाराम नं.२७२ मा समावेश भएको छैन । कार्यालयको सम्पूर्ण आर्थिक कारोबार फरक सफ्टवेयरको प्रयोगको कारण एकिकृत आर्थिक विवरणमा समाबेश भएको पाइएन । एकै सफ्टवेयरको प्रयोग गर्ने तथा समग्र कारोबार समवेश हुने गरी एकीकृत आय व्यय निर्माण गर्नेतर्फ सम्बन्धित निकाय र पालिकाको ध्यान जानुपर्दछ ।<br><br>अतः तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४.२ | | | **बैक हिसाब मिलान नगरेको —** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार श्रेस्तामा भन्दा बैकमा रू २०१३७०।०९ वढी देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ। | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष | १९२९७७८४।७८ | १९२९७७८४।७८ | ० |
| २ | पुजिगत खर्च खातामा | १६५३३२७६।९१ | १६६०२३०१ | -६९०२४।०९ |
| ३ | चालु खर्च खातामा | ५८७३१८१।०२ | ६००५५२७।०२ | -१३२३४६ |
| ४ | प्रकोप व्यावस्थापन कोष | २३८७७११।५९ | २३८७७११।५९ | ० |
| ५ | विविध खर्च खाता | ११८००० | ११८००० | ० |
| ६ | धरौटी खाता | ४४८२३९३ | ४४८२३९३ | ० |
| | **जम्मा** | **४८६९२३४७।३०** | **४८८९३७१७।३९** | **-२०१३७०।०९** |

| | | | | |
|---|---|---|---|---|
| ४.३ | | | महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार यस कार्यालयले निम्न अनुसारका नयाँ लेखा फारामहरु प्रयोगमा ल्याउनु पर्नेमा ल्याएको देखिएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | तोकिए फारामहरु प्रयोगमा नल्याउदा पालिकाको लेखा तथा जिन्सीलगायतका अभिलेख अद्यावधिक र भरपर्दो रहेका छन भनि विश्वस्त हुने अवस्था रहेन । तोकिए अनुसारका सबै म.ले.प.फाराम प्रयोगमा ल्याउनु पर्दछ ।<br>**राजश्व लेखासम्बन्धी फारामहरु**<br>नगदी/प्राप्ती रसिद १०१, दैनिक राजस्व/आम्दानी खाता १०२, गोस्वारा भौचर(राजश्व) १०३, राजश्व/आम्दानीको शीर्षकगत खाता १०४, राजश्व आम्दानीको गोस्वारा खाता १०५, राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता १०६, राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोस्वारा खाता १०७, राजश्व आम्दानी बैंक नगदी किताब १०८<br>**जिन्सी तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी फारामहरु**<br>जिन्सी निरीक्षण फाराम 411, जिन्सी सहायक खाता 412, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता 415, घर जग्गाको लगत किताब 417<br>**धरौटीसम्बन्धी फारामहरु**<br>व्यक्तिगत धरौटी खाता 601, गोश्वारा धरौटी खाता 602, धरौटीको बैंक नगदी किताब हिसाब खाता 603<br>**आन्तरिक नियन्त्रणसम्बन्धी फारामहरु**<br>रसिद नियन्त्रण खाता 904, सवारी साधन र मेसिन प्रयोगको लगबुक 905, भ्रमण प्रतिबेदन 909 | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ५.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु ५८७३१८१।०२, पुजीगत खर्च खातामा रु. १६५३३२७६।९१ समेत गरी रु. २२४०६४५७।९३ मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयमा समेत वितरण गरेको पाईयो। | |

| | | | | |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३, को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिइएको तथा इ टीडिएस गरेको पाइएन।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३० जनाको दरबन्दी रहेकोमा १३ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा २५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><td>५.२</td><td></td><td></td><td>बेरुजु लगतः- महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फस्यौंट लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कुश्मा चन्दले मिति २०७८।०३।१० गते रु. ३९ करोड ७४ लाख ७५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ
<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च रू हजारमा</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>232611</td><td>44919</td><td>60283</td><td>127409</td><td rowspan="2">126785</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>108309</td><td>1135.6</td><td>31669</td><td>75504</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३४०९१९।१</td><td>४६०५४।३६</td><td>९१९५२।३८</td><td>२०२९१२।२४</td><td>१२६७८५</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रतिशत | १०० | १३।५ | २६।९७ | ५९।५३ | ३७।१९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३४ करोड ९ लाख १९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ४ करोड ६० लाख ५४ हजार अर्थात १३।५ प्रतिशत, दोश्रो चौमासिकमा रु. ९ करोड १९ लाख ५२ हजार अर्थात २६।९७ प्रतिशत र तेश्रो चौमासिकमा रु. २० करोड २९ लाख १२ हजार, अर्थात ५९।५३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु १२ करोड ६७ लाख ८५ हजार अर्थात ३७।१९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

६.४

**क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | 33728000 | 31671157 | ९।२९ |
| २ | पूर्वाधार विकास | 68774000 | 53407097 | १५।६६ |
| ३ | सामाजिक विकास | 209176760 | 181127428।16 | ५३।१३ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 645600 | 6345189 | १।८६ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 78512970 | 68368181 | २०।०६ |
| **जम्मा** | | **३९०८३७३३०** | **३४०९१९०५२।९६** | **१००** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५३.१३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा १.८६ प्रतिशत रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| ६.५ | | | **खर्च बिश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु २९६२८६४।६० राजस्व बाँडफाँड र अनुदानबाट रु ३५३७३५६२१।३७ समेत रु ३५६६९८४८५।९७ आम्दानी भएकोमा चालु तर्फ रु २३२६१०५०२।२४ र पूँजिगत तर्फ रु १०८३०८५५० समेत रु ३४०९१९०५२।२४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ६४१५००० खर्च भएको छ। जुन आन्तरिक आयको २१६.५१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८ प्रतिशत चालु र ३२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ६.६ | | | **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ४५४१८७७ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष २०७८।७९ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो ।त्यस्तै आर्थिक वर्ष २०७८।०७९ को रु १६६६९३ बाँकी रहेको विवरण पालिकाले उपलब्ध गराएको छ । बार्षिक बजेटले नखम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| ६.७ | | | **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । | |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>६</td><td>६</td><td>५</td><td>१</td></tr></table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>आर्थिक सहायता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रू २००० देखि रू २०००० सम्म १२८ जनालाई कुल जम्मा रु. ८४०२००। आर्थिक सहायता वितरण गरेको छ। उक्त आर्थिक सहायता पालिकाको कुल आय रू २९६२८६५। को २८.३६ प्रतिशत रहेको छ। सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, लेखा अधिकृत सहित १३ पदहरु रिक्त रहेका छन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>विद्यालयको अनुगमन नियमन व्यवस्था-</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनु पर्दछ । | |
| १२ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविध तर्फ यस बर्ष पालिकाको रू २९६२८६५ आय भएकोमा रु. २५७१४८१ खर्च गरेको छ । उक्त खर्च कुल आयको ८७ प्रतिशत हो। यस्ता खर्च क्रमश घटाउदै लैजानु पर्दछ। | |
| १३ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ७ वटा ऐन, ५ वटा नियमावली र २८ बटा कार्यीबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ । | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | 1255 |
| मृत्युदर्ता | 136 |
| बसाईसराई दर्ता | 505 |
| विवाह दर्ता | 136 |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |

<table>
<tr>
<td></td><td></td><td></td>
<td>
<table>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>7.6 कि मि</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>0.5 कि मि</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।
</td>
<td></td>
</tr>
<tr>
<td>१४</td><td></td><td></td>
<td>
शिक्षक विद्यार्थी अनुपात -<br>
स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गत रहेका ३९ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ
<table>
<tr><th>सि.न.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपुर्ति</th><th>विद्यार्थी संख्या</th><th>शिक्षक विद्यार्थी अनुपात</th></tr>
<tr><td>१</td><td>नागार्जुन मा. वि ,शर्माली</td><td>२६</td><td>२६</td><td>१०५७</td><td>१:४०</td></tr>
<tr><td>२</td><td>केदारनाथ आ. वि ,सकरा</td><td>४</td><td>४</td><td>५८</td><td>१:१४</td></tr>
<tr><td>३</td><td>कृष्ण आ. वि ,कानली</td><td>७</td><td>७</td><td>१५३</td><td>१:२२</td></tr>
<tr><td>४</td><td>शिद्धनाथ आ. वि ,खाल</td><td>४</td><td>४</td><td>७२</td><td>१:१८</td></tr>
<tr><td>५</td><td>निर्पालदेव आ. वि ,पोखरा</td><td>५</td><td>५</td><td>२३०</td><td>१:४६</td></tr>
</table>
यस नगरपालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१४ देखि १:४६ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न
</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा वालविकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ। | |
| १५ | | | **शिक्षक दरवन्दी र पदपुर्ति-**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ।शिक्षक बिद्यार्थि अनुपात नमिलेका विद्यालयको अनुपात मिलानका लागि पालिकाको ध्यान जानुपर्दछ । | |
| १६ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाको कुल ३० दरबन्दी रहेकोमा १७ पुर्ति भएको अवस्थामा विभिन्न ४२ जना कर्मचारीहरु करारमा राखि रु १२१९१८०३। खर्च लेखेको छ । ओ एण्ड एम गरेर मात्र पदपुर्ति गर्ने व्यवस्था हुनुपर्दछ। | |
| १७ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेका छैनन्। यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| १८ | | | **कर तथा शुल्क असुली** | |

(१५ सँग सम्बन्धित तालिका)

| सि.नं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ३९ | १८५ | १८२ | २५ | ६८०० | १:३७ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>०</td><td>201330</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>०</td><td>97570</td></tr>
<tr><td>बेरुजु</td><td>०</td><td>276667</td></tr>
<tr><td>अन्य सेवा शुल्क तथा बिक्रि</td><td>०</td><td>299090</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>०</td><td>163440</td></tr>
<tr><td>व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>०</td><td>51750</td></tr>
<tr><td>नाता प्रमाणित दस्तुर</td><td>०</td><td>23800</td></tr>
<tr><td>भूमिकर मालपोत कर</td><td>०</td><td>295576</td></tr>
<tr><td>व्यवसाय रजिस्टेसन दस्तुर</td><td>०</td><td>115500</td></tr>
<tr><td>अन्य कर</td><td>2500000</td><td>1438141.6</td></tr>
<tr><td>जम्मा</td><td>२५०००००</td><td>२९६२८६५।६</td></tr>
</table>
पालिकाले शिर्षकगत रूपमा राजश्वको विवरण तयार गरेको छैन। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । यस्तो अवस्थामा प्राप्त हुनुपर्ने र प्राप्त भएको राजश्व सम्वन्धमा बिश्लेषण गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ।</td>
<td></td>
</tr>
<tr>
<td>१९</td>
<td></td>
<td></td>
<td>आयको अनुमान<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २५०००००।० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. २९६२८६५।६ अर्थात अनुमान भन्दा</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | १८.५१ प्रतिशत वढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २० | | | **सवारी कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा पालिकाले यस वर्ष सवारी कर वापत कुनै रकम असुल गरेको पाईएन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| २१ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन गरेको पाईएन। पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २२ | | | **मनोरञ्जन कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थिरेटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| २३ | | | **धरौटी रकम राजश्व दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम ६६. बमोजिम कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ बमोजिम जफत वा कट्टा नहुने वा नियम ६७ बमोजिम राजस्व दाखिला नहुने भए त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यबस्था छ ।धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानूनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनु पर्ने व्यबस्था छ । तर यस पालिकाको धरौटीको श्रेस्ता अनुसार रु.१६,९०,५९२। मौज्दात देखिएकोमा बैकमा रु.२७,९१,८०१।मौज्दात देखिए पनि रु. ८०२४९४।जम्मा गर्नेको नामनामेसी एकिन नभएको उक्त रकम राजस्व खातामा दाखिला गर्ने प्रकृया सुरु गर्नुपर्ने देखिन्छ । | |
| २४ | | | **धरौटी फिर्ता**<br>सार्बजनिक खरिद नियमावली ,२०६४ का नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिंदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण | ४२४,५३६ |

पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजनको पत्र पेश गरेको तर कर चुक्ता प्रमाणमात्र पेश नगरेको आधारमा धरौटी फिर्ता दिएको देखिन्छ । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले डी एल पी अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएको भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको पनि देखियो । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु. ४,२४,५३६। धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु.

| क सं | गो भौ/ मिति | धरौटी फिर्ता पाउने | कैफियत | धरौटी फिर्ता रकम रु. |
|---|---|---|---|---|
| १ | ४/०७८।६।१४ | रबिन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | कर चुक्ता प्रमाण नभएको | २,७०,२८२। |
| २ | २०/०७८।११।१८ | शिबनाथ कन्स्ट्रक्सन | कर चुक्ता प्रमाण नभएको | १,५४,२५४। |
| | | | जम्मा | ४,२४,५३६। |

२५

**कोभिडतर्फ (आय व्यय)**

पालिकाको यस आर्थिक वर्ष २०७८।७९ को कोभिड तर्फको आय व्यय निम्नाअनुसार छ।

| आम्दानी स्रोत | रकम रु. | खर्च शिर्षक | रकम रु. |
|---|---|---|---|
| गत बर्षको बाँकी | 0 | राहत वितरण | 0 |
| स्थानीय तहको आफ्नै बजेटवाट | 0 | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | 0 |
| संघीय कोभिड कोषवाट | 1508000 | औषधी एवं स्वास्थ्य उपकरण खरिद | 1108503 |
| प्रदेश कोभिड कोषवाट | 0 | आइसोलेसन केन्द्र निर्माण | 0 |
| अन्य स्रोतबाट | 0 | खोप कार्यक्रम खर्च | 0 |
| | | जोखिम भत्ता | 399497 |
| | | अन्य खर्च | 0 |
| | | बाँकी | 0 |
| जम्मा | १५०८००० | जम्मा | १५०८००० |

उक्त परिमाणको खर्च गर्दा आवश्यकताको आधारमा प्रतिस्प्रर्धात्मक रूपले खरिद गर्ने प्रकृयालाई प्राथमिकता दिनु पर्दछ।

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा यो बर्ष १४ विवाद दर्ता भएकोमा १३ फस्यौंट भई १ फस्यौंट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २७ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ५ वटा नियमावली, २८ वटा कार्यविधि, ६ वटा निर्देशिका लगायत ४६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ४६ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरू स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २८ | | | **पूँजीगत शिर्षकमा चालु प्रकृतिका खर्च**<br>पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ । यस स्थानीय तहले पूँजीगत बजेट शिर्षकमा निम्न अनुसार चालु प्रकृतिका कार्यक्रम समावेश गरी सोही अनुसार खर्च लेखेको छ । पूँजीगत शिर्षकमा राखि चालु प्रकृतिका कार्यक्रम सञ्चालन गरेका केही उदाहरण निम्न छन् । यस्ता कार्यमा सुधार हुनुपर्दछ । | |

| सि.नं. | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| 1 | महिला आयआर्जन तथा सचेतनामुलक कार्यक्रम | 120000 | |
| 2 | वडा स्तरीय भलिबल ५ नं वडा | 100000 | |
| 3 | खेलकुद भलिबल वडास्तरीय ४ नं वडा | 150000 | |
| 4 | विद्यालय स्तरीय हाजिरी जवाफ ४ नं वडा | 50000 | |
| 5 | अन्तर आ वि अतिरिक्त क्रियाकलाप प्रतियोगिता | 100000 | |
| 6 | खेलकुद कार्यक्रम 3 नं वडा | 100000 | |

| | | | |
|---|---|---|---|
| 7 | जेष्ट नागरिक सम्मान कार्यक्रम 3 नं वडा | 100000 | |
| 8 | महिला आयआर्जन तथा सचेतनामुलक कार्यक्रम | 500000 | |
| 9 | वडा स्तरिय महिला तथा पुरुष भलिबल प्रतियोगिता ६ नं वडा | 50000 | |
| 10 | किशोर किशोरी वृत कार्यक्रम | 25000 | |
| 11 | अपाङ्ग सहायता कार्यक्रम | 300000 | |
| 12 | नेपाल रेडक्रस सोसाईटी शिवनाथ उपशाखा सामाग्रि खरिद | 100000 | |
| 13 | जेष्ट नागरिक सम्मान कार्यक्रम 5 नं | 80000 | |
| 14 | शिक्षामा गुणस्तर सुधारका लागि प्र.अ. र वि.व्य.स. लगायत अन्तक्रिया कार्यक्रम ५ नं वडा | 50000 | |
| 15 | महिला सचेतनामुलक कार्यक्रम ५नं वडा | 50000 | |
| 17 | दलित उत्थान कार्यक्रम | 60000 | |
| 18 | स्वास्थ्य व्यवस्थापन तथा सामाग्रि खरिद उदयदेव स्वा.चौ. | 150000 | |
| 19 | हाजिरी जवाफ प्रतियोगिता 1 नं वडा | 50000 | |
| 20 | जेष्ट नागरिक सम्मान कार्यक्रम 1 नं वडा | 100000 | |
| **जम्मा** | | **२२३५०००.०** | |

| | | | | |
|---|---|---|---|---|
| २९ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागी लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक प्रमाण कागजात संलग्न गरि फछ्र्यौट गरि सक्नु पर्ने व्यवस्था छ। यस गांउपालिकाले आर्थिक वर्ष को अन्त्य सम्ममा देहाय वमोजिमको पेश्की फछ्र्यौट गर्न वाकि रहेको विवरण उपलव्ध गराएको छ। वाकि रहेको म्याद नाघेको पेश्की नियमानुसार फस्यौंट हुनुपर्ने रू | ३,३२८,००० |

| गो.भौ.नं. | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति,फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|
| 16 | डोसेरा गाड हिरापुर झो. पु. वडा नं 6 | श्री त्रिवेणी स्वस्थ वातावरण समुह | 319130 | |
| | बालि खोला झो. पु. वडा नं 1 | | | |
| | गनागाड फेल्टा मटेला गाड बगार र सेला कोपरे झो. पु. शिवनाथ गाउँपालिका बैतडी | | | |
| | | | | |
| 18 | डोसेरा गाड हिरापुर झो. पु. वडा नं 6 | गनागाड झो. पु. निर्माण उपभोक्ता समिति | 500000 | |
| | बाली खोला झो. पु. वडा नं 1 | | | |
| | गनागाड फेल्टा मटेला गाड बगार र सेला कोपारे झो. पु. शिवनाथ गाउँपालिका बैतडी | | | |
| | | | | |
| 113 | विद्यालय कक्षाकोठा निर्माण अनुदान(२कोठे तथा ४ कोठे भवन) | श्री केदारनाथ आधारभुत विद्यालय | | 580000 |
| 114 | विद्यालय कक्षाकोठा निर्माण अनुदान(२ कोठे तथा ४ कोठे भवन) | श्री युवावर्ष आधारभुत विद्यालय बस्कोटी | | 580000 |

| | | | | |
|---|---|---|---|---|
| 115 | विद्यालय कक्षाकोठा निर्माण अनुदान(२ कोठे तथा ४ कोठे भवन) | श्री शारदा माध्यमिक विद्यालय | | 582000 |
| 119 | विद्यालय कक्षाकोठा निर्माण अनुदान(२ कोठे तथा ४ कोठे भवन) | श्री केदारनाथ आधारभुत विद्यालय | | 594000 |
| 9 | ल्वारखोलि सल्याडी टंकि निर्माण | ल्वारखोलि सल्याडी टंकि निर्माण योजना | | 48000 |
| 131 | गाउँपालिका सिमानाहरुमा २ वटा गेट निर्माण | गाउँपालिका सिमानाहरुमा २ वटा गेट निर्माण | | 264000 |
| 143 | ६ नं वडा कार्यालय भवन निर्माण | ६ नं वडा कार्यालय भवन निर्माण | | 380000 |
| 573 | स्थानीय तहबाट प्राथमिक सूचना संकलन | लक्ष्मी दत्त जोशी | | 300000 |
| | **जम्मा** | | ८१९१३० | ३३२८००० |

३०

**कार्य सम्पादन**

स्थानीय तह सस्थागत क्षमता स्वमूल्याङ्कन (LISA रिपोर्ट) अनुसार यस पालिकाको समग्र कार्य सम्पादन मुल्याँङ्कनमा आर्थिक बर्ष २०७७।७८ मा कुल १०० अंकमा ५०.२५ अंक प्राप्त गरेको देखिन्छ ।समग्र कार्य सम्पादनमा सुधार गरी उच्चतम अंक प्राप्त गर्न पालिकाको निरन्तर प्रयाश हुनुपर्दछ ।

३१

**प्रगति विबरण**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची - २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विबरण तयार गर्नुपर्ने उल्लेख छ । यस पालिकाले उक्त नियम अनुसार आफ्ना बार्षिक लक्ष्य अनुसार प्रगति विबरण तयार गरेको पाइएन । यसका अतिरिक्त पालिकाले बार्षिक नीति तथा कार्यक्रमा उल्लिखित व्यहोराको प्रगति

| | | | | |
|---|---|---|---|---|
| | | | विबरण तयार गरेको छैन ।पालिकाले बार्षिकरुपमा घोषणा गरिएका नीति तथा कार्यक्रम लगायत बजेटमा उल्लेख गरेका कार्यक्रमको प्रगति स्थिति तयार गर्ने व्यबस्था गर्नुपर्दछ । | |
| ३२ | | | **कारोवारको लेखा**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७. (१) मा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रूपमा राख्नु पर्ने नियम ५७. (२) बमोजिम भुक्तानी वा पेश्की फस्यौंटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजातमा खर्च गर्ने व्यक्तिले तयार गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ । त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फस्यौट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यबस्था रहेको छ । यस पालिकाले लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रूपमा राखी प्रमाणित गरेको छैन । यस्तो कार्य मनासिब नदेखिएकोले यसमा सुधार हुनुपर्दछ । | |
| ३३ | ४९३ | २०७९-३-१९ | **गोठ सुधार-**<br><br>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल ,२०७७ को बुँदा नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादनमुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने लगायतको व्यवस्था छ ।पालिकाले भैंसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता गोठ सुधार मा प्राप्त रकम रु ६,७६,०००। नागार्जुन भैसि पालन पकेट संचालक समिती लाई भुक्तानी गरेको छ । खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन । जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने यकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको भनि यकिन हुन सकिएन। अत कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३४ | ५०७ | २०७९-३-२० | **किसान सुचिकरण -**<br>किसान सुचिकरण कार्यान्वयन कार्यविधि, २०७७ को अनुसुचि - ५ मा कृर्षक दर्ता व्यवस्थापन कार्यक्रमको लागि विनियोजित शशर्त रकम खर्च गर्ने आधारहरु उल्लेख गरेको छ । जसमा सुचना प्रवाह एवं प्रचार प्रसार गर्ने घुम्ति शिविर सञ्चालन तथा परिचालकहरु परिचालन गर्ने वडा समितिको वैठक व्यवस्थापन गर्ने र शिविर सञ्चालनका लागि आवश्यक पर्ने ईन्धन वा सवारी भाडा खर्च हल भाडा स्टेशनरी खाजा र अन्य आईपर्ने मसलन्द खर्च गर्ने उल्लेख छ । यस पालिकाले किसान सूचिकरण कार्यक्रम बाट रु ३,००,०००। का दुई वटा ल्यापटप र एउटा प्रिन्टर खरिद गरी पालिकामा थन्काएको पाईयो । कार्यविधिमा उल्लेख भएवमोजिमका कार्यक्रमहरु सञ्चालन नगरी र सहजकर्ता नियुक्तीको प्रकृयानै अघि नबढाई ल्यापटप र प्रिन्टर मात्र खरिद गरि कार्यालयमा थन्काउनु मनासिव देखिएन रु | ३००,००० |
| ३५ | | | **औषधी खरिद —** | |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु १६३९२५०। को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>औषधी खरिद गर्दा उक्त व्यहोरा सम्वन्धमा स्पष्ट हुने गरी खरिद गर्ने, आम्दानी वाध्ने र खर्च गर्ने व्यवस्था हुनु पर्दछ । | |
| ३६ | ४३८ | २०७९-३-९ | **थप अनुदान -**<br><br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत गरिएको वार्षिक एकमुष्ट अनुदानमा विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७८ को बुँदा नं. ८ अनुसार यस्तो अनुदान प्राप्त गर्ने विद्यालयले दुई शिक्षक, एक बाल विकास सहजकर्ता, एक विद्यालय सहयोगीको लागि पुग्ने वार्षिक पारिश्रमिक अनुदानमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयमा एकमुष्ट अनुदान उपलब्ध गराएकोमा कार्यविधि अनुसार विद्यालयका १ जना बालविकास सहजर्ता र १ जना विद्यालय सहयोगीको व्यवस्था सोही अनुदान मार्फत विद्यालयले भुक्तानी गर्नुपर्नेमा पुन पारिश्रमिक शिर्षकबाट अनुदान उपलब्ध गराएकोले दोहोरो भुक्तानी भएको रकम असुल गरि दाखिला गर्नुपर्ने रु | २४०,००० |

| क. स | विद्यालयको नाम | कार्यालय सहयोगी | जम्मा दोहोरो रकम |
|---|---|---|---|
| १ | त्रिवेणी आ. वि, तुडी | चंचला साउद | ४०००० |
| २ | शारदा आ. वि, कुलाकोट | मान वहादुर चन्द | ४०००० |
| ३ | महाकाली आ वि, कुस्मौत | कहुरा देवी साउद | ४०००० |
| ४ | राजपुर आ. वि, साउगडा | लक्ष्मण वहादुर साउद | ४०००० |
| ५ | सरस्वती आ. वि, दुबला | कौशिल्या घटाल | ४०००० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>६</td><td>भर्भवानी आ. वि, वण्ड</td><td>गणेश सिंह साउद</td><td>४००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२४०,०००।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३७</td>
<td>२७९</td>
<td>२०७८-१२-२२</td>
<td>
बढी निकासा -<br>
आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार विद्यालयमा विद्यार्थी संख्याका आधारमा निकासा गर्ने सबै अनुदान उपलब्ध गराउँदा विद्यालयले प्रविष्ट गरेको EMIS तथ्यांकको आधारमा मात्र उपलब्ध गराउने उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म अध्यनरत छात्रा र दलित छात्र हरुको छात्रवृति कार्यक्रममा विद्यालयहरुलाई अनुदान दिँदा EMIS तथ्यांकको भन्दा बढी संख्यामा भुक्तानी दिएको हुँदा देहायबमोजमको बढी भएको रकम असुल गरी दाखिला गर्नु पर्ने रु
<table>
<tr><td>सिं नं</td><td>विद्यालयको नाम</td><td>कक्षा १-८ का छात्रा र दलित छात्र सहित हुनु पर्ने संख्या</td><td>कक्षा १-८ का छात्रा र दलित छात्र सहित भएको संख्या</td><td>फरक संख्या</td><td>दर</td><td>रकम</td></tr>
<tr><td>१</td><td>नागार्जुन मा. वि ,शर्माली</td><td>२५९</td><td>२७८</td><td>१९</td><td>४००</td><td>७६००</td></tr>
<tr><td>२</td><td>पिपलकोट मा वि ,लोजनी</td><td>१३३</td><td>१५२</td><td>१९</td><td>४००</td><td>७६००</td></tr>
<tr><td>३</td><td>हिरापुर मा. वि ,बसेडी</td><td>८३</td><td>९३</td><td>१०</td><td>४००</td><td>४०००</td></tr>
<tr><td>४</td><td>शारदा मा. वि ,मटेला</td><td>१२४</td><td>१५२</td><td>२८</td><td>४००</td><td>११२००</td></tr>
<tr><td>५</td><td>चन्द्रदेवल मा. वि, स्वलपला</td><td>१४५</td><td>१५९</td><td>१४</td><td>४००</td><td>५६००</td></tr>
<tr><td>६</td><td>उदय मा. वि ,कफडी</td><td>१०६</td><td>११९</td><td>१३</td><td>४००</td><td>५२००</td></tr>
<tr><td>७</td><td>श्रीपुर मा. वि ,पुडिल</td><td>२३४</td><td>२४४</td><td>१०</td><td>४००</td><td>४०००</td></tr>
<tr><td>८</td><td>भगवती आ. वि ,तेर्छाबाटा</td><td>१३७</td><td>१५३</td><td>१६</td><td>४००</td><td>६४००</td></tr>
<tr><td>९</td><td>जिम्मेश्वर आ. वि ,बसेडी</td><td>१७६</td><td>२००</td><td>२४</td><td>४००</td><td>९६००</td></tr>
</table>
</td>
<td>१८२,८००</td>
</tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | कृष्ण आ. वि ,कानली | १०१ | १०७ | ६ | ४०० | २४०० |
| ११ | नागार्जुन आ. वि ,कुँड | १२८ | १४१ | ३३ | ४०० | १३२०० |
| १२ | शिवपुर्ण आ. वि ,लामाखाली | १०६ | ११५ | ९ | ४०० | ३६०० |
| १३ | युवावर्ष आ. वि ,बस्कोट | २०५ | २४० | ३५ | ४०० | १४००० |
| १४ | केदारनाथ आ. वि ,पौंखर | ७२ | ८७ | १५ | ४०० | ६००० |
| १५ | भर्राभवानी आ. वि ,बण्ड | ६० | ७६ | १६ | ४०० | ६४०० |
| १६ | भवानिपुर आ. वि ,कोपरे | ६० | ६५ | ५ | ४०० | २००० |
| १७ | भुमिराज आ. वि ,फट्केढुङ्गा | १४२ | १५६ | १४ | ४०० | ५६०० |
| १८ | गंगेश्वर आ. वि ,मकैल | ५८ | ६७ | ९ | ४०० | ३६०० |
| १९ | गर्भेश्वर आ. वि ,पोखरेटी | २३ | २८ | ५ | ४०० | २००० |
| २० | कैपाल आ. वि ,खकलाई | ६१ | ७० | ९ | ४०० | ३६०० |
| २१ | केदारनाथ आ. वि ,सकरा | २५ | ३० | ५ | ४०० | २००० |
| २२ | महाकाली आ. वि ,कुस्मौत | ४४ | ५९ | १५ | ४०० | ६००० |
| २३ | नवदुर्गा आ. वि ,कुङ्गेपटा | ६९ | ९३ | २४ | ४०० | ९६०० |
| २४ | निर्पालदेव आ. वि ,पोखरा | १५१ | २०७ | ५६ | ४०० | २२४०० |
| २५ | शारदा आ. वि ,कुलाकोट | ४० | ४२ | २ | ४०० | ८०० |
| २६ | सरस्वती आ. वि ,बोडब्या | ७४ | ८३ | ९ | ४०० | ३६०० |
| २७ | शंकरपुर आ. वि ,दन्नि | ४९ | ५७ | ८ | ४०० | ३२०० |
| २८ | शिद्धनाथ आ. वि ,खाल | ३२ | ४३ | ११ | ४०० | ४४०० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>२९</td><td>राजपुर आ. वि ,साउगडा</td><td>२४</td><td>३२</td><td>८</td><td>४००</td><td>३२००</td></tr>
<tr><td>३०</td><td>लाटेश्वर आ.वि ,लिखडी</td><td>२०</td><td>२२</td><td>२</td><td>४००</td><td>८००</td></tr>
<tr><td>३१</td><td>त्रिवेणी आ. वि ,तुडी</td><td>२२</td><td>२७</td><td>५</td><td>४००</td><td>२०००</td></tr>
<tr><td>३२</td><td>सरस्वती आ. वि ,दुबला</td><td>२६</td><td>२९</td><td>३</td><td>४००</td><td>१२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१८२८००।</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३८</td>
<td>३२६</td>
<td>२०७८-१२-१९</td>
<td>मातृ तथा नवशिसु कार्यक्रम -<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ (७) तलिम सेमिनार गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च , खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ । यस पालिकाले मातृ तथा नवशिसु कार्यक्रमबाट झोला र पेनड्राईभ खरिद गरी वितरण गरेको मात्र खुल्न आउछ ।तालिमबाट लाभान्वित व्यक्तीको सङख्या कती थियो के कस्ता विषय वस्तुको वारेमा तालिम प्रदान गरिएको थियो सोको प्रष्ट खुल्ने गरी प्रतिवेदन तयार नगरेकोले नियमावलीमा व्यवस्था भएअनुसार तालिम सञ्चालन गर्दा भएको खर्च र कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङख्या खुल्ने गरी प्रतिवेदन तयार गरी स्विकृत गराउने गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>३९</td>
<td>५०६</td>
<td>२०७९-३-२०</td>
<td>कृषि पकेट -<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ९ मा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यन्वयन गर्ने सम्वन्धमा आवश्यक शर्त तोक्ने र सम्वन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्ने उल्लेख छ । यस पालिकाले दलहन बालिको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट कार्यक्रममा विनियोजित भएको रु ८,६५,०००। कार्यान्वयनको क्रममा दुई पटक सुचना प्रकाशित गर्दा कुनै पनि निवेदन नपरेको उल्लेख गरी मिति २०७९/०२/१८ मा कार्यपालिकाले पोलिहाउस निर्माण ,विउविजन र विषादि खरिद गर्ने निर्णय गरेर कृषक सहयोगकेन्द्र बाट ५० थान सिलफोलिन र ५० थान थोपा सिचाई खरिद गरी पालिकामा स्टोर गरेको छ ।यस सम्वन्धमा साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट कार्यक्रम छनोट र संचालन गर्दा स्थानीय आवश्यकता ,माग सम्भावनाका आधारमा गर्नु पर्नेमा सो अनुसार नगरेकोले यस्तो अवस्था आएको पालिकाले खरिद गरेका उक्त कृषि सामाग्री वास्तविक कृषक लाभान्वित हुन गरी कृषक छनोट गरी वितरण गर्नु पर्नेमा पालिकाले थन्काएर राखेको देखिएकोले ५० थान सिलफोलिन र ५० थान थोपा सिचाई आवश्यक प्रकृया पुरा गरी वितरण गरेको प्रष्ट खुल्ने गरी प्रमाण पेश गर्ने र आगामी बर्षबाट कार्यक्रम अनुसार नै खर्च गर्ने सुनिश्चितता हुनु पर्ने रु</td>
<td>८६५,०००</td>
</tr>
<tr>
<td>४०</td>
<td></td>
<td></td>
<td>शुन्य दरवन्दी -</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ।यस पालिका अन्तरगत ३९ वटा विद्यालय रहेकोमा तपशिलबमोजिमका ५ वटा विद्यालयमा शुन्य दरवन्दी रहेको देखियो । जसले गर्दा नियमित पठनपाठनमा समस्या आउन सक्छ ।पालिकाले शिक्षकको दरवन्दी ,पदपुर्तीको अवस्था र विद्यार्थि सङख्याका आधारमा विद्यालय समायोजन तर्फ ध्यान दिनु पर्दछ
<table>
<tr><td>क स</td><td>विद्यालयको नाम</td><td>विद्यार्थि संख्या</td><td>शिक्षक दरवन्दी</td></tr>
<tr><td>१</td><td>भर्राभवानी आ. वि, बण्ड</td><td>१४१</td><td>०</td></tr>
<tr><td>२</td><td>महाकाली आ .वि, कुस्मौत</td><td>९०</td><td>०</td></tr>
<tr><td>३</td><td>राजपुर आ. वि, साउगडा</td><td>६४</td><td>०</td></tr>
<tr><td>४</td><td>त्रिवेणी आ. वि, तुडी</td><td>५८</td><td>०</td></tr>
<tr><td>५</td><td>सरस्वती आ. वि ,दुबला</td><td>५१</td><td>०</td></tr>
<tr><td>६</td><td>सारदा आ. वि ,कुलाकोट</td><td>७८</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>स्यानिटरी प्याड -</td><td></td></tr>
<tr><td>४१.१</td><td>२६७</td><td>२०७८-१२-४</td><td>सरकारी निकाया वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको सघं सस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्ति हुने वस्तु सेवा वा दुवै आपुर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्ने व्यवस्था छ। यस पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यक्रम अन्तरगत वि .जि . ग्रुप एण्ड ट्रेड एण्ड सप्लायर्सबाट खरिद गरि भुक्तानि गर्दा नियम अनुसार कट्टि गर्नु पर्ने मुल्य अभिवृद्धि कर वापतको रकम कट्टि गरी दाखिला गरेको नदेखिएकोले उक्त रकमको मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पत्र पेश गर्नु पर्ने अन्यथा सम्वन्धित सप्लायर्स बाट असुल उपर गर्नु पर्ने रु</td><td>४६,२७२.९</td></tr>
<tr><td>४१.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यका लागि वि. जि गुप ट्रेड एण्ड सप्लायर्स बाट रु ६२।२५ का दरले १९,०६०।थान खरिद गरी पालिका भरिका विद्यालयलाई वितरण गरेको देखियो । स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>गरेका प्याडहरु तोकिएबमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनुपर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । त्यस्तै एकै प्रयोजनका लागि बिभिन्न पालिकाले खरिद गरेको स्यानीटरी प्याडको मुल्यमा स्पष्ट कारण बेगर मुल्यमा ठुलो अन्तर देखिएको तथा निर्देशिका बमोजिम तोकेको प्रकृया पुरा भएको नदेखिनु मनासिब देखिएन । स्यानिटरी प्याडको गुणस्तर परीक्षण गरी लिने व्यवस्था गरेको छैन। तसर्थ गुणस्तर समेतका सम्वन्धमा एकिन हुन सकिएन। यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>४२</td><td>२०७</td><td>२०७८-११-१८</td><td>बढि भुक्तानी -<br>शिक्षा नियामावली ,२०५९ को नियम १७९ मा कुनै कामका लागि आवश्यकता भन्दा बढि रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानुन बमोजिम कारवाही गरि बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस पालिकाले शिक्षकहरुको दोस्रो चौमासिक रकम निकासा गर्दा मिति २०७८/१०/०३ मा रमाना भएका नागार्जुन मा .वि .का शिक्षक नि. मा .वि तृतिय स्तरका उपेन्द्र कुमार यादवको समेत पुरै चौमसिक रकम विद्यालयको खातामा निकासा भएको हुँदा वढि भएको निकासा रकम असुल गर्नु पर्ने रु<br>
<table>
<tr><td>विद्यालयको नाम</td><td>शिक्षकको नाम</td><td>जानु पर्ने रकम</td><td>गएको रकम</td><td>असुल गर्नु पर्ने रकम</td></tr>
<tr><td>नागार्जुन मा वि</td><td>उपेन्द्र कुमार यादव</td><td>७७१२८.१६</td><td>१४६९१०.८</td><td>६९७८२.६४</td></tr>
</table></td><td>६९,७८२.६४</td></tr>
<tr><td>४३</td><td>५०९</td><td>२०७९-३-२०</td><td>बढी अनुदान -<br>शिक्षा कार्यक्रम कार्यन्वयन निर्देशिका २०७८/७९ को कृयाकलाप २ .७ .१३. ४० को १ (ख) मा बजेटको परिधि भित्र रही शुन्य दरवन्दि रहेको विद्यालयलाई न्युनतम २ र १ दरवन्दि भएका विद्यालयलाई १ थप गरी न्युनतम २ शिक्षक वरावरको अनुदान नियमानुसार शिक्षक भर्ना गरे पछी उपलब्ध गराउने व्यवस्था छ । यस पालिकाले माध्यामिक तह अंग्रेजि, गणित, विज्ञान विषयमा शिक्षण सहयोग अनुदान प्रदान गर्दा विद्यालयलाई वर्ष भरीको अनुदान उपलब्ध गराएको तर विद्यालयले वर्ष भरिका लागी नभई केहि समयका लागि मात्र शिक्षक नियुक्ती गरेको खुल्ने नियुक्ति पत्र पेश गरेकोले कार्यविधिमा उल्लेख गरे विपरित प्रदान गरिएको अनुदान वापतको रकम देहायबमोजमका विद्यालयहरुले असुल उपर गरी दाखिला गर्नु पर्ने रु<br>
<table>
<tr><td>सि नं</td><td>विद्यालयको नाम</td><td>शिक्षकको नाम</td><td>नियुक्ति मिति</td><td>हुनु पर्ने निकासा</td><td>भएको निकासा</td><td>वढि निकासा</td></tr>
<tr><td>१</td><td>हिरापुर माध्यमिक विद्यालय</td><td>दान वहादुर चन्द</td><td>२०७९/०३/२४</td><td>७२००</td><td>४३१८८०</td><td>४२४६८०</td></tr>
<tr><td>२</td><td>उदय मा वि</td><td>राम वहादुर चन्द</td><td>२०७९/०२/२८</td><td>३८३९०</td><td>४३१८४०</td><td>३९३४५०</td></tr>
</table></td><td>९२१,३६०</td></tr>
</table>

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | उदय मा वि | धनविर सिँह धनाडी | २०७८/०५/०२ | ३९३४५० | ४३१८४० | ३८३९० | |
| | | | ४ | नागार्जुन आ वि कुड | प्रकाश सिंह साउद | २०७८/१२/०९ | २७३५४० | ३३८४०० | ६४८४० | |
| | | | | | | | | | ९२१३६०।- | |

४४

**प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, फिल्ड निर्माण, पर्खाल निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस बर्ष २२३ जनालाई रोजगारी उपलव्ध गराई रु. 12858900।- खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छ ।

| वडा नं | कार्यक्रम/योजना संचालन | जम्मा खर्च रकम | ज्यालामा भएको खर्च | रोजगार संख्या | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|
| 1 | नागार्जुन मन्दिर पर्खाल तथा फिल्ड निर्माण | 577000 | 571230 | 10 | १०० |
| 1 | खडा, तुडी, सोलिङ्ग बाटो निर्माण | 403900 | 399861 | 7 | १०० |
| 1 | सरस्वती आ.वि. फिल्ड निर्माण योजना | 577000 | 571230 | 10 | १०० |
| 1 | बगारसोडा सिचाई योजना | 403900 | 399861 | 7 | १०० |
| 2 | केदारनाथ आ.वि. खेलमैदान निर्माण | 403900 | 399861 | 7 | १०० |
| 2 | मल्लागाउँधनाघाट सिमार सोलिङ्ग बाटो निर्माण | 403900 | 399861 | 7 | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 2 | बुंगादेखि खोलदेउ मन्दिर तथा तिर्वाटोल देखि बेरटा मन्दिर सम्म सोलिङ्ग बाटो निर्माण | 461600 | 456984 | 8 | १०० |
| 2 | शर्माली, सनकोट, भैलोडा, बर्थिङ्ग सेन्टर पचरबेउ देखि पोखरा सम्म सोलिङ्ग बाटो निर्माण | 634700 | 628353 | 11 | १०० |
| 3 | डोबरादेखि तुडि गर्जलहुँदै कल्लुना दुमिला बाटो निर्माण | 519300 | 514107 | 9 | १०० |
| 3 | साउगडावगरदेखि मल्लिमड सम्म बाटो निर्माण | 461600 | 456984 | 8 | १०० |
| 3 | पुडिलन्वालो देखि बसकट्टे हुँदै सकरा सम्म बाटो निर्माण | 461600 | 456984 | 8 | १०० |
| 3 | डङ्डाठणा गौन पल्ला खेडा बाटो निर्माण | 626500 | 620235 | 11 | १०० |
| 4 | जोशीवडवावको भण्डार देखि पिपलकोट मा.वि.सम्म बाटो निर्माण | 577000 | 571230 | 10 | १०० |
| 4 | कल्ताकदेखि घट्टी गाड सम्म सोलिङ बाटो निर्माण | 461600 | 456984 | 8 | १०० |
| 4 | बस्यातटबन्ध तथा बसन्तपुर न्वालो निर्माण | 634700 | 628353 | 11 | १०० |
| 4 | खडादेखि सुर्नया सम्म बाटो निर्माण | 461600 | 456984 | 8 | १०० |
| 5 | भण्डारदेखी कैलपाल मन्दिर बाटो निर्माण | 403900 | 399861 | 7 | १०० |
| 5 | दन्नीदेखी मंगलशेर सम्म बाटो निर्माण | 692400 | 685476 | 12 | १०० |
| 5 | भैसिखर्ककफाडी सडक मर्मत | 461600 | 456984 | 8 | १०० |
| 5 | हट्केचौर देखी बसेडी भ्वाँ खोला सम्म बाटो निर्माण | 403900 | 399861 | 7 | १०० |
| 5 | भारिगडादेखी सुल्लेखान बाटो निर्माण | 403900 | 399861 | 7 | १०० |
| 6 | भुतलाछुमन्दिर भण्डार र मर्मत | 577000 | 571230 | 10 | १०० |
| 6 | जिम्मेश्वरमन्दिर देखि हिरापुर सम्म बाटो निर्माण | 577000 | 571230 | 10 | १०० |
| 6 | सिद्धबाबामन्दिर पर्खाल निर्माण | 692400 | 685476 | 12 | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | उदयदेवमन्दिर पर्खाल निर्माण | 577000 | 571230 | 10 | १०० |
| कूल जम्मा | | 12858900 | 12730311 | 223 | |

४५ **सवारीको लगबुक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमका इन्धन खर्च गर्दा रू. ४,६८,८०८। सवारीको लगबुकको आधारमा खर्च गर्नुपर्नेमा सवारीको लगबुक बेगर इन्धन खर्च भुक्तानी भएकोले यस्तो भुक्तानी नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

| क्र.स. | भौ.नं. र मिति | खर्च रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | १८५।०७८।१०।०७ | १८६६१८ | सवारीको लगबुक नभएको। |
| २ | १८५।०७८।१०।०७ | ८२१९३ | सवारीको लगबुक नभएको। |
| ३ | ३२०।०७८।१२।२९ | १६५७५१ | सवारीको लगबुक नभएको। |
| ४ | ३२०।०७८।१२।२९ | ३४२४६ | सवारीको लगबुक नभएको। |
| | जम्मा | ४,६८,८०८। | |

४६ **मु.अ. करमा दर्ता नभएकोसंग खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निकायले वीस हजार रूपैया भन्दा वढी रकमको खरिद गर्दा आन्तरिक राजश्व कार्यालयवाट मु.अ. कर दर्ता प्रमाणपत्र प्राप्त गरेको फर्म वा संस्थावाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा गांउपालिकाले मु.अ.करमा दर्ता नभएका निम्न सप्लायर्सवाट पटक पटक गरी मसलन्द तथा कार्यालय सामाग्री खरिद भएको पाइयो। गाउँपालिकाले खरिद कार्य गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ।

| सि.न. | विवरण | रकम रू |
|---|---|---|
| १ | कुवेर ट्रेडिङ | ३,५८,६२२ |
| २ | दाजु भाई होटेल | ४,७०,८३५ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>अमृत होटेल</td><td>३,९१,६७९</td></tr>
<tr><td>४</td><td>न्यु शारदा छापाखाना</td><td>७३,११२</td></tr>
<tr><td>५</td><td>शिवनाथ फोटो एण्ड स्टेशनरी सेन्टर</td><td>६२,८९७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३५७१४५।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सफ्टवेयर खरिद<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सुचना प्रसारण सम्बन्धि सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ८८०००। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>डोजर, लोडर, एक्साभेटर मर्मत<br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु. ४५००००। खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु. ११७४५०० आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।
<table>
<tr><td>सि.नं</td><td>मेशिनरी</td><td>संख्या</td><td>मर्मत तथा ईन्धन रकम</td><td>आम्दानी रकम</td></tr>
<tr><td>१</td><td>लोडर</td><td></td><td></td><td>48750</td></tr>
<tr><td>२</td><td>अन्य</td><td>२</td><td>450000</td><td>1125750</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४५००००</td><td>११७४५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>जरिवाना</td><td>१४,६४०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नविकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले ८ वटा सवारी साधनको विमा नविकरण ढिलो गरेकोले जरिवाना स्वरूप रू १४,६४०। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू | |
| ५० | | | **भ्रमण खर्च**<br>सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् . • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५१ | | | **डीपीआर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><br>**कार्य विवरण** \| **परामर्शदाता** \| **स्वीकृत रकम** \| **खर्च रकम**<br>यातायात गुरुयोजना निर्माण \| bit com envi and eng. \| 499200 \| 496499<br>शर्मालि गढी गुरुयोजना निर्माण \| K s eng cons \| 499460 \| 498000<br>**जम्माः** \| \| ९९८६६० \| ९९४४९९<br><br>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |

५२

**स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.६४१५०००। सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २० जना | जम्मा ३४ |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 81000 | 87000 | 123000 | 95000 | 538000 | 924000 |
| २ | यातायात खर्च | 110000 | 108000 | 72000 | 0 | 0 | 290000 |
| ३ | टेलिफोन,मोबाइल | 67000 | 60000 | 252000 | 216000 | 480000 | 1075000 |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | 55000 | 54000 | 288000 | 216000 | 480000 | 1093000 |
| ५ | समन्वय तथा सहजीकरण | 99000 | 84000 | 432000 | 36000 | 720000 | 1371000 |
| ६ | अतिथि सत्कार | 110000 | 108000 | 504000 | 0 | 0 | 722000 |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | 38500 | 36000 | 144000 | 144000 | 240000 | 602500 |
| ८ | चाडपर्व खर्च | 25000 | 22500 | 96000 | 54000 | 140000 | 337500 |
| | जम्मा | 585500 | 559500 | 1911000 | 761000 | 2598000 | 6415000 |

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>निरीक्षण नभएको<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाइएन ।यस्तो अबस्थामा यस कार्यालयलाई प्राप्त हुनु पर्ने सबै राजश्व प्राप्त भई कानूनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन। यस्तो प्रकृयामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>आय ठेक्का बन्दोबन्द<br>पालिकाको सभाले ०७८/७९ मा महाकाली नदीको नरौनाघाट नजिकबाट बालुवा संकलन गरी निकासी ठेक्का लगाउने निर्णय गरे पनि आइ इ इ नभएको भनि ठेक्का नलगाएको जानकारी हुन आयो । आइ इ इ नभएको कारणले मात्र ठेक्का प्रकृया सुरु नगरी पालिकाको आय आर्जन नहुनु मनासिब देखिएन । ठेक्का नलगाए पनि उक्त स्थानबाट बालुवा संकलन भई रहे नरहेको पालिकाबाट अनुगमन मुल्यॉकन समेत गरेको छैन । यस सम्बन्धमा पालिकाबाट आबश्यक सबै प्रकृया संचालन गरी आय आर्जन हुनसक्ने सबै कार्यको ठेक्कापट्टा गरी पालिकाको आय बृद्धिमा ध्यान दिन आबश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>नगदी रसिदको अबस्था<br>यस पालिकाले यस आ ब मा तीन प्रकारका क्रम १३३ थान नगदी प्याड प्रयोग गरी बिभिन्न वडाबाट कुल रु.२९,६२,८६४। अशुल गरी राजश्व दाखिला गरेको उल्लेख छ ।
<table>
<tr><th>क सं</th><th>नगदी रसिद विबरण</th><th>छापिएको थान</th><th>खर्च</th><th>बाँकी</th></tr>
<tr><td>१</td><td>नगदी रसिद</td><td>६२</td><td>५४</td><td>८</td></tr>
<tr><td>२</td><td>घरकर रसिद</td><td>४५</td><td>४१</td><td>४</td></tr>
<tr><td>३</td><td>मालपोत रसिद</td><td>४७</td><td>३८</td><td>९</td></tr>
<tr><td></td><td></td><td>१५४</td><td>१३३</td><td>२१</td></tr>
</table>
कुल १३३ थान प्याड प्रयोग गरी उक्त रकम अशुल गरेको भने पनि नगदी रसिदगत आम्दानीको अभिलेख तयार गरी राखेको पाइएन । त्यस्तै गत बर्षक उल्लेखित व्यहोराका प्याड यस बर्ष प्रयोग भए भएनन खुलाएको छैन । यस सम्बन्धमा पालिकाबाट सबै नगदी रसिदको अद्यावधिक अभिलेख तयार गरी अशुल कार्यमा प्रयोगमा ल्याउने र ती रसिदबाट अशुल गरेका सबै आय समयमै बैंक दाखिला भएको सुनिश्चितता हुने व्यबस्था हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>चल्ती सामान भाडा</td><td>१३,०००</td></tr>
</table>

पालिकाबाट प्राप्त विबरणअनुसार निम्न साधन भाडामा लगाएर निम्न अनुसार आम्दानी भएको विबरण पेश गरेको छ ।

| क्र सं | साधनको नाम | बार्षिक अशुली रु. | बार्षिक मर्मत खर्च | बार्षिक सवारी चालक खर्च | अशुल गर्न बाँकी रकम | अशुल गर्ने व्यक्तिको नाम |
|---|---|---|---|---|---|---|
| १ | एम्बुलेन्स | ५,४३,३००। | १८८,०००। | ३,५४,१९१। | नरेश बहादुर चन्द | ६,५००। |
| | | | | | तपेन्द्र राना | ६,५००। |
| २ | टेक्ट्रर | ५,३३,७००। | १६१,०००। | ३,३६,०५०। | ० | ० |
| ३ | जे सी बी | ४८,७५०।गत बर्षको अशुली | यो बर्ष चालु नरहेको | यो बर्ष चालु नरहेको | यो बर्ष चालु नरहेको | यो बर्ष चालु नरहेको |
| | | | | | अशुल हुन बाँकी | १३,०००। |

उक्त तालिका अनुसार एम्बुलेन्स र ट्रेक्टरबाट अशुल भएको रकमबाट करिब मर्मत र सवारी चालकको खर्चमात्र उठन सकेको देखिन्छ । कुन कुन मितिमा कुन प्रयोजनमा भाडा गई आम्दानी भएको हो अद्यावधिक अभिलेख राखेको पाइएन । सबै साधन चालु हालतमा राख्ने र चल्ती साधन भाडामा लगाउदा व्यबस्थित अभिलेख तयार गरी भाडामा लगाई आय आर्जन बृद्धि गर्न ध्यान जानु पर्दछ ।

उक्त तालिका अनुसार दुई व्यक्तिबाट भाडा अशुल हुन बाँकी रहेको भनि विबरण प्राप्त भएकोले उक्त रकम तत्काल अशुल गरी दाखिला हुनु पर्ने रु.

५७ **कार्य योजना स्वीकृत नगरेको**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा गाँउपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन ।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनुपर्दछ ।

५८ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | केन्द्रिय अनुदानबाट खर्च रू \| आन्तरिक आय रू \| आन्तरिक आय प्रतिशत<br>३५३७३५६२१।३७ \| २९६२८६५।६ \| ०.८४<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५९ | | | **सम्झौता नभएकोलाई भुक्तानी**<br>सुल्लेखान शर्मालि सडक 5-16 कि मी खण्डमा सडक निर्माण सुधारका लागि लागत अनुमान रु. 9,66,394। गरी रु. 9,60,839। भुक्तानी दिने गरी निर्माण व्यवसायी भाग्यश्री कन्स्ट्रक्सन सम्झौता गरेकोमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(पुँजीगत) तथा गाँउपालिका पूँजिगतबाट समेत गरी कुल रु. ४,२१,२४०। को काम सम्पन्न भएको भनि भुक्तानी भने शिबछडी निर्माण सेवालाई दिएको देखिएकोले सम्झौता अनुसार उक्त फर्मलाई भुक्तानी दिन मिल्ने देखिएन । साथै उक्त काम सम्पन्न गर्ने समय सकिए पनि अझै रु.५,३९,५९९।काम सम्पन्न गर्न बाँकी नै रहेको देखिएकोले सम्झौता अनुसार उक्त काम सम्पन्न गरी कार्य स्वीकार प्रतिबेदन पेश गर्नुका साथै यस्तो प्रकारले भुक्तानी दिँदा सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गरिने आयकर तथा मु अ कर को विबरण समेत फरक पर्ने भएकोले उक्त कारोबार रकम आयकर तथा मु अ करमा मिलान गरेको देखिने प्रमाण समेत पेश हुनुपर्ने रु | ९६०,८३९ |
| ६० | | | **बचत रकमबाट ठेक्का**<br>संघीय सरकार र प्रदेश सरकारबाट निश्चित उदेश्य र कार्यक्रमका लागि प्राप्त रकम यस पालिकाले आफ्ना बजेट तथा कार्यक्रममा समाबेश गरी ठेक्कापट्टा गरे पश्चात बचत रकमबाट थप कार्यक्रम स्वीकृत नगरी निम्न अनुसार पटक पटक ठेक्कापट्टा गरेको छ ।(रकम रू हजारमा मु.अ. कर समेत) | ५,२७२,००० |

| **श्रोत** | **बजेट** | **पहिलोठेक्का** | **बचतबाट दोस्रो ठेक्का र सम्झौता रकम** | **वचत रकमबाट तेस्रो ठेक्का र सम्झौता रकम** | **कामकोविवरण** | **पहिलो ठेक्काको खर्च र अवस्था** | **दोस्रो ठेक्काको खर्च र अवस्था** | **तेस्रोठेक्काको खर्च र अवस्था** |
|---|---|---|---|---|---|---|---|---|
| संघियसमपुरक | १४२०० | ५३८४ | ४०६३ | १९८० | सुल्लेखान शर्माली नागार्जुन घाट सडक निर्माण | ५३७० सम्पन्न | १८७१ सम्पन्न नभएको | ७८६ **सम्पन्न नभएको** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघियसमपुरक | ९२०० | ३६०८ | २०८६ | १९८४ | साउगडाबछला सडक निर्माण | ३६०८ सम्पन्न | २०७४ सम्पन्न नभएको | १८८८ सम्पन्न |
| प्रदेशसमपुरक | ९८५० | ३७३८ | २२४४ | १९११ | द्वारिकादेवी ठकुरानी सडक | ३६७५ सम्पन्न | ४३१ सम्पन्न नभएको | ११० सम्पन्न नभएको |
| संघ विशेष | १०८०० | ६१५१ | ० | ० | आठकोठे विशेष भवन निर्माण नागार्जुन मा.बि. | १३८३ सम्पन्न | ठेक्कानभएको | ठेक्कानभएको |
| प्रदेशविशेष | ३००० | १७५१ | ११५३ | ० | कटरकट्या बुङ्गा लिफ्ट खानेपानी योजना | १७५१ सम्पन्न | ११५३ सम्पन्न | ठेक्कानभएको |
| **जम्मा** | **४७०५०** | **२०६३२** | **९५४६** | **५८७५** | | | | |

पहिलो पटक लगाएको ठेक्काबाट बचत भएको रकमबाट दोस्रो र तेस्रो पटक ठेक्का कुल ७ ठेक्कामध्ये कुल रु. १ करोड २२ लाख ८४ हजार लागतका ५ ठेक्काको कुल रु.५२ लाख ७२ हजारको काम भएको भनि भुक्तानी दिए पनि अझै रु.७० लाख १२ हजारको काम सम्पन्न हुन बाँकी नै रहेको छ । यसरी ठेक्का सम्झौता अनुसार अधुरा रहेका कार्य सम्पन्न गर्न पालिकाको स्पष्ट कार्यक्रम नरहेको गरेको काम अधुरा नै रहेको सम्झौता अनुसार सबै काम सम्पन्न गरेको देखिने प्रमाण सहित कार्य स्वीकार प्रतिबेदन पेश हुनु पर्ने रु

६१

**नापी किताब**

महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेकोमध्ये नापी किताब म. ले. प. फा. नं. ५०३ र ठेक्कागत अभिलेख खाता म. ले. प. फा. नं. ५०६ पनि हुन्। नापी किताबमा ठेक्का नं, आर्थिक बर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मिति लगायतका व्यहोरा उल्लेख गर्ने र नापी लिई सकेपछि नापी लिने, जाँच गर्ने र स्वीकृत गर्ने कर्मचारीको नाम, पद र मिति लेखेर हस्ताक्षर गर्नुपर्ने व्यवस्था छ । ठेक्कागत अभिलेख खातामा ठेक्काको लागत अनुमान, सम्झौता रकम र भुक्तानीको अबस्था, जमानतको अबस्था लगायतका व्यहोरा प्रत्येक ठेक्कागतरुपमा छुट्टाछुट्टै जानकारी लिन सकिने गरी राख्नु पर्ने व्यवस्था छ। नापी किताब कम्प्यूटरबाट तयार गरिएमा प्रिन्ट गरी बाइन्डिङ्ग गरी नापी नियन्त्रण खाता म. ले. प. फा. नं ५१२ मा चढाउनु पर्ने थप व्यवस्था समेत रहेको छ । यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस बर्ष पछिमात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुँदा नं ३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा नापी किताब परीक्षण गर्दा नापी लिई सकेपछि सबै नापी किताबमा नापी लिने, जाँच गर्ने, स्वीकृत गर्ने,

<table>
<tr><td></td><td></td><td></td><td>कर्मचारीको नाम, पद र मिति लगायत सबै व्यहोरा स्पष्ट बुझिने गरी हस्ताक्षर नगरेको, कम्प्यूटरबाट प्रिन्ट गरी तयार गरेको लुजसिट लाई नै (आइ.पी.सी.) नापी किताब मानी भुक्तानी दिने गोश्वारा भौचरमामात्र राखेकोले बिगत बर्ष देखि चालू र यसै आ. ब. मा संचालित योजनाको परीक्षण गरीएको गोश्वारा भौचरभन्दा अगाडि के कति भुक्तानी भएको थियो भिडान गर्न कठिनाई रहेको छ । नापी किताबकोरुपमा तयार गरेको भुक्तानीका गोश्वारा भौचरसाथ रहेका लुज सिट (आइ.पी.सी) नापीलाई बाइन्डिङ्ग नगरेको र नापी नियन्त्रण खाता म. ले. प. फा. नं. ५१२ मा नचढाएको तथा ठेक्कागत अभिलेख खाता म. ले. प. फा. नं. ५०६ नराखेकोले सम्पन्न योजनाको कन्टिन्जेन्सी सहित कुल खर्च कति भयो एकिन हुने अबस्था नहुनुका साथै एकै नापी कार्यको दोहोरो भुक्तानी भए पनि सहजरुपमा जानकारी पाउने अबस्था छैन । यस्तो प्रकृयामा तत्काल सुधार गरी निर्माण कार्यको अभिलेख व्यबस्थालाई सुढृड बनाई सम्पन्न निर्माण कार्यको २० वर्षसम्म आवश्यक सूचना लिन सकिने सहज अवस्था तयार पार्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>कन्टिन्जेन्सी<br>सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था अनुसार यस आर्थिक बर्षमा कुल रु. २६ लाख ८६ हजार खर्च भएको जनाएको छ । कन्टिन्जेन्सी खर्च गर्दा वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । पालिकाले कन्टिन्जेन्सी कार्यकालागि खर्च गरेको जनाए पनि योजनागतसहित कुल खर्च देखिने गरी अभिलेख राखेको छैन । खर्च गर्दा निर्माणसँग सम्बन्धित प्रत्यक्ष कार्यमामात्र खर्च गर्नुपर्नेमा दैनिक भ्रमण भत्ता, इन्धन खर्च, मर्मत, स्टेशनरी, सूचना प्रकाशन तथा बिबिध खर्चसमेत सार्बजनिक निर्माणबाट खर्च लेखेको देखिएकोले खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिएन । यसका अतिरिक्त सुपरभाइजरको छनौट प्रक्रिया, योग्यता, निजहरुले सम्पादन गर्नुपर्ने कामको विवरण आदि स्पष्ट मापदण्ड तथा आधार निर्धारण भएको देखिदैन । अत कन्टिन्जेन्सी खर्च स्पष्ट आधार तथा मापदण्ड बेगर गर्नु मनासिब देखिदैन कन्टिन्जेन्सी खर्चको अभिलेख तथा खर्च गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>ठेक्का व्यबस्थापन</td><td></td></tr>
<tr><td>६३. १</td><td></td><td></td><td>यस पालिकाले यस आर्थिक बर्षमा निम्न विबरण अनुसारको कार्य ठेक्कापट्टाको माध्यमबाट काम गराएको विवरण उपलव्ध गराएको छ ।<br>(रकम रू हजारमा मु अ कर समेत)<br>
<table>
<tr><td rowspan="2">क्र सं</td><td rowspan="2">ठेक्का नम्बर</td><td rowspan="2">कामको विवरण</td><td rowspan="2">निर्माण व्यवसायी</td><td colspan="2">कार्यसम्पादन जमानत</td><td>पेश्कि जमानत रकम</td><td>सम्झौता मिति</td><td>काम समाप्त गर्नुपर्ने मिति</td><td>कार्य सम्पन्न मिति</td><td>लागत अनुमान</td><td>सम्झौता रकम</td><td>कुल यथार्थ खर्च</td></tr>
<tr><td>रकम</td><td>म्याद</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 01/SRMUN /WORKS/२०७८।७९ | सुल्लेखान शर्माली नागार्जुन घाट सडक निर्माण | शिवलिङ्ग निर्माण सेवा | ३४०१ | २०८०।२।१ | १०७० | २०७८।८।८ | २०७९।२।१० | २०७८।१२।१० | १४१८७ | ५३८४ | ५३६९ |
| २ | 0४/SRMUN /WORKS/२०७८।७९ | साउगडा बछला सडक | शिवलिङ्ग निर्माण सेवा | २१५२ | २०८०।२।२ | ७२० | २०७८।८।८ | २०७९।२।१० | २०७८।१२।१० | ९१९८ | ३६०८ | ३६०८ |
| ३ | 0२/SRMUN /WORKS/२०७८।७९ | द्वारिका देवि ठकुरानी सडक | शिवलिङ्ग निर्माण सेवा | २३६१ | २०८०।२।३ | ७२० | २०७८।८।८ | २०७९।२।१० | २०७८।१२।१० | ९७८४ | ३७३७ | ३६७५ |
| ४ | 0३/SRMUN /WORKS/२०७८।७९ | आठकोठे भवन निर्माण नागार्जुन सर्मली मा वि | भिभा कन्स्ट्रकसन | १७३० | २०८१।३।३ | ० | २०७८।८।१७ | २०८०।२।१७ | निर्माणाधिन | १०७९ | ६१५१ | १३८३ |
| ५ | 0५/SRMUN /WORKS/२०७८।७९ | सुल्लेखान शर्माली नागार्जुन घाट | राजधानी निर्माण सेवा | १६४० | २०८०।५।२० | ८०० | २०७८।११।२६ | २०७९।३।२५ | २०७९।३।२५ | ८१९६ | ४०६३ | १८७० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सडक निर्माण | | | | | | | | | | |
| ६ | ०७/SRMUN/WORKS/२०७८।७९ | साउगडा बछला सडक | राजधानी निर्माण सेवा | १२१ | २०८०।५।२० | ४०० | २०७८।११।२६ | २०७९।३।२५ | २०७९।३।२५ | ५०९४ | २०८६ | २०७४ |
| ७ | ०६/SRMUN/WORKS/२०७८।७९ | द्वारिका देवि ठकुरानी सडक | राजधानी निर्माण सेवा | १३५७ | २०८०।५।२० | ० | २०७८।११।२६ | २०७९।३।२५ | २०७९।३।२५ | ५५९८ | २२४४ | ४३१ |
| ८ | ०८/SRMUN/WORKS/२०७८।७९ | कतारकट्या बुङ्गा लिफ्ट खानेपानी | शिवनाथ निर्माण सेवा | ८०० | २०७९।३।२९ | ० | २०७८।११।०२ | २०७९।२।३० | २०७९।२।३० | १७५२ | १५५१ | १७५१ |
| ९ | ०९/SRMUN/WORKS/२०७८।७९ | छेलाबारु टोटखाली सडक मर्मत | अनिता कन्स्ट्रकसन | ७५० | २००७९।९।१ | ० | २०७९।३।२३ | २०७९।५।२५ | निर्माणाधिन | १५५६ | १४८३ | निर्माणाधिन |
| १० | 010/SRMUN/WORKS/२०७८।७९ | सुल्लेखान शर्माली नागार्जुन घाट | शिवनाथ निर्माण सेवा | 900 | २०७९।५।९ | ० | २०७९।३।१२ | २०७९।३।२५ | २०७९।३।२५ | १९९४ | १९९४ | 768 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सडक निर्माण | | | | | | | | | | |
| ११ | 01१/SR MUN /WORKS/ २०७८। ७९ | साउगडा बछला सडक | शुक्रकमली निर्माण सेवा | 900 | २०७९।५।९ | ० | २०७९।३।१२ | २०७९।३।२५ | २०७९।३।२५ | १९८४ | १९८४ | 1885 |
| १२ | 01२/SR MUN /WORKS/ २०७८। ७९ | द्वारिका देवि ठकुरानी सडक | शिवछडि निर्माण सेवा | 900 | २०७९।५।९ | ० | २०७९।३।१२ | २०७९।३।२५ | २०७९।३।२५ | १९११ | १९११ | 1095 |
| १३ | 0३/SRMUN /GOODS/ २०७८। ७९ | कतारकट्या बुङ्गा लिफ्ट खानेपानी | रविन्द्र कन्स्ट्रक्सन सप्लायर्स | 600 | २०७९।५।९ | ० | २०७९।२।२६ | २०७९।३।२५ | २०७९।३।२५ | ११५३ | ११५३ | 1953 |
| | | | | | | | | | | | | |

उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

| | | | | |
|---|---|---|---|---|
| ६३.२ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क -६_ मा रहेको छ । यस पालिका अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन ।त्यस्तै पेश्की दिएकोमध्ये क्र सं १,२ र ३ को कामका लागि दिएको पेश्की उक्त व्यबसायीको प्रभु बैक महेन्द्रनगरमा रहेको खातामा जम्मा हुने गरी र क्र सं ५ र ६ का लागि दिएको पेश्की रकम उक्त व्यवसायीको ग्लोबल बैक धनगढीमा रहेको बैकं खातामा जम्मा हुने गरी पेश्की दिएमात्र पेश्की ग्यारेन्टी जमानत लागू हुने शर्त भए पनि पेश्की दिँदा भने उक्त बैकमा जम्मा नगरे पनि हुने गरी पेश्की दिएको देखियो ।पेश्की दिंदा तोकिएको शर्त बिपरितका शर्तका आधारमा पेश्की दिने र दिएको पेश्की तोकिएको कार्यमा प्रयोग भए नभएको सुनिश्चित नहुने गरी पेश्की दिने कार्य मनासिब देखिएन । ऐन नियमको प्रावधान तथा ठेक्का सम्झौताका शर्तहरु पालना हुने गरी पेश्की उपलव्ध गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६३.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्याबधिक गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्याबधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| ६३.४ | | | निर्माण कार्यलाई गुणस्तरयुक्त बनाउन निर्माण व्यवसायीले गरेको कार्यको गुणस्तर परीक्षण गर्नु पर्ने भए पनि ठेक्काको प्रकृति अनुसार परीक्षण भए नभएको सम्बन्धमा सम्बन्धित साइट इन्जिनियरले कुनै व्यहोरा उल्लेख र प्रमाण लिने गरेको छैन । तसर्थ प्रत्येक बिलको भुक्तानीमा प्राविधिक नापजाँच एवं मुल्यांकनको अतिरिक्त उक्त भुक्तानीबाट भएको कार्यमा सम्बन्धित साइट इन्जिनियरबाट गुणस्तर परीक्षण गर्नुपर्ने र परीक्षण गरेको प्रत्येक पटक स्पष्टरुपमा खुलाई सिफारिस साथ भुक्तानीको लागि पठाउने व्यवस्था गर्नुपर्दछ ।माथि तालिकामा उल्लेखित ठेक्कामध्ये क्र सं १, २ र ३ मा उल्लेखित कामका व्यबसायीले गुणस्तर परीक्षण गरेको भनि पी एस आइटमबाट भुक्तानी लगेको भए पनि अन्य ठेक्काको गुणस्तर परीक्षण गरेको प्रमाण रहेको पाइएन । सबै कार्यको गुणस्तर परीक्षण गर्ने गराउने व्यबस्था गरी निर्माण गरेको कार्यको गुणस्तरको सुनिश्चितता हुने व्यबस्था हुनुपर्दछ । | |
| ६३.५ | | | सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मज्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको पनि जानकारी हुन आयो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ। | |
| ६३.६ | | | ठेक्का नं 03/SRMUN/WORKS/2078/79 बाट construction of eight roomed building at Nagarjun Ma Vi Sharmali Ward 2 का निर्माण व्यबसायी Viva Construction and Engineering Concerns Pvt. Ltd ले २०८०।२।१० मा काम सम्पन्न गर्ने गरी २०७८।८।९ मा ठेक्का सम्झौता भएकोमा कुनै काम नगरेको र फोन सम्पर्क गर्दा समेत कार्यतालिका सहित ३ दिन भित्र कार्यालयमा सम्पर्क राख्न भनि २०७९।१।८ मा पत्र पठाएको देखिन्छ । त्यस्तै 08/SRMUN/WORKS/2076/77 बाट construction of word office building ward 1 को कार्य २०७८।६।३ मा सम्पन्न गर्ने गरी | ६१५,२०२.५३ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>२०७७।३।४ मा सम्झौता गरेको तथा 01/SRMUN/WORKS/2076/77 बाट construction of health post building ward no 1 कार्यका लागि २०७८।२।३० मा काम सम्पन्न गर्ने गरी २०७७।२।११ मा सम्झौता भएकोमा दुबै काम अलपत्र पारी निर्माण स्थल छोडी निरन्तर सम्पर्क गर्दा र बिगतमा पत्र पठाउदा समेत चासो नदेखाएको ले सम्पर्क राख्न आउन २०७९।१।८ मा Behada Baba Nirman Sewa लाई पत्र पठाएकोमा व्यबसायीले सम्झौतामा तोकिए अनुसारको समयमा काम सम्पन्न नगरी ढिलाई गरेको अर्थात लेखापरीक्षण गरिएको आर्थिक बर्ष २०७८।७९ को अन्त्यसम्ममा पनि निर्माण व्यबसायीको कारणले काम सम्पन्न नभएकोले ठेक्का सम्झौता अनुसार सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत प्रतिदिनका दरले (दश प्रतिशतमा नकटने गरी ) पूर्ब निर्धारित क्षतिपूर्ति अशुल गरी काम सम्पन्न गर्नु पर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th></th><th></th><th>सम्झौता रकम</th><th>२०७९ असार सम्मको ढिला दिन</th><th>२०७९ असार सम्मको पूर्ब निर्धारित क्षतिपूर्ति</th></tr>
<tr><td>१</td><td>03/SRMUN/WORKS/<br>2078/79</td><td>Viva Construction and Engineering Concerns Pvt. Ltd</td><td>६१५१५३६।३१</td><td>०</td><td>०</td></tr>
<tr><td>२</td><td>08/SRMUN/WORKS/<br>2076/77</td><td>Behada Baba Nirman Sewa</td><td>३ ३६२०७५०।८०</td><td>३९५</td><td>३,६२,०७५।०८</td></tr>
<tr><td>३</td><td>01/SRMUN/WORKS/<br>2076/77</td><td>Behada Baba Nirman Sewa</td><td>२५३१२७४।५५</td><td>३९५</td><td>२,५३,१२७।४५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td>६,१५,२०२।५३</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६३.७</td>
<td></td>
<td></td>
<td>उल्लेखित ठेक्काका अतिरिक्त वडा नं ३ को कार्यालय भवन कबोल रकम रु.३८,२०,९६०।८० मा मिति २०७८।६।३० सम्ममा काम सम्पन्न गर्ने गरी निर्माण व्यबसायी बेहडा बाबा निर्माण सेवा सँग २०७७।३।४ मा ठेक्का सम्झौता भएकोमा तोकिएको समयमा काम सम्पन्न नगरी सम्पर्कमा नरहेको व्यहोरा 08/SRMUN/WORKS/ 2076/77 र 01/SRMUN/WORKS/ 2076/77 का लागि तोकिएको समयमा काम सम्पन्न नगरी हिँडेको भनि ताकेता पत्र पठाएको व्यहोराले स्पष्ट भएकोले उक्त ठेक्कामा जस्तै यस ठेक्कामा पनि व्यबसायीले सम्झौतामा तोकिए अनुसारको समयमा काम सम्पन्न नगरी ढिलाई गरेको अर्थात लेखापरीक्षण गरिएको आर्थिक बर्ष २०७८।७९ को अन्त्यसम्ममा पनि निर्माण व्यबसायीको कारणले काम सम्पन्न नभएकोले ठेक्का सम्झौता अनुसार सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत प्रतिदिनका दरले (दश प्रतिशतमा नकटने गरी ) पूर्ब निर्धारित क्षतिपूर्ति अशुल गरी काम सम्पन्न गर्नु पर्ने रु.</td>
<td>३८२,०९६.०८</td>
</tr>
<tr>
<td>६३.८</td>
<td></td>
<td></td>
<td>निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौतामा प्रोभिजनल सम बापत व्यवस्था गरिएको रकम खर्च गर्दा त्यस्तो कार्यमा भएको यथार्थ खर्चको विल विजक पेश गरी भुक्तानी दिनुपर्ने उल्लेख छ ।पालिकाले निम्न कार्यका लागि सम्झौताको शर्त अनुसार प्रोभिजनल</td>
<td>१८,०००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>समको वापतको रकम भुक्तानी गरेको पाईयो । त्यस्तो कार्यमा भएको खर्चको यथार्थ सक्कल विल विजक पेश गरी भुक्तानी दिनु पर्नेमा सक्कल विल बिजक पेश नगरी भुक्तानी दिएकोले भुक्तानी दिएको रकम असुल हुनुपर्ने रू
<table>
<tr><th>क्र सं</th><th>ठेक्का नं</th><th>भुक्तानीको विवरण</th><th>निर्माण व्यबसायी</th><th>भुक्तानी रकम</th><th>बिल पेश रकम</th></tr>
<tr><td>१</td><td>01/2078/79</td><td>ल्याब टेष्ट</td><td>शिबलिङ्ग निर्माण सेवा</td><td>९०००।</td><td>पेश नभएको</td></tr>
<tr><td>२</td><td>03/2078/79</td><td>ल्याब टेष्ट</td><td>शिबलिङ्ग निर्माण सेवा</td><td>४५००।</td><td>पेश नभएको</td></tr>
<tr><td>३</td><td>04/2078/79</td><td>ल्याब टेष्ट</td><td>शिबलिङ्ग निर्माण सेवा</td><td>४५००।</td><td>पेश नभएको</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१८,०००।</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३.<br>९</td><td></td><td></td><td>११२।०७९।१।१४ संघीय सरकारबाट हस्तान्तरित पूँजीगत कार्यक्रम बाट मालिका इन्जिनियरिङ्ग एण्ड मेकानिकल प्रा लि लाई प्राबिधिक मुल्यॉङ्कन अनुसार रकम भनि आ ब २०७६।७७ को ठेक्का भनि यस बर्ष रु.३१,५०,९१६।०५ भुक्तानी दिएको छ । उक्त भुक्तानी ठेक्का सम्बन्धी बिबरण म ले प फा नं ५०७ मा समाबेश गरेको देखिएन। ठेक्का बिबरणमा उल्लेख नगर्नुको कारण स्पष्ट नभएकोले उक्त कामको अबस्था सम्बन्धमा एकिन हुन सकेन । यस सम्बन्धी सबै बिबरण सहित तोकिएको समयमा काम सम्पन्न भएको कार्य स्वीकार प्रतिबेदन पेश हुनुपर्ने रू</td><td>३,१५०,९१<br>६.०५</td></tr>
<tr><td>६३.<br>१०</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको,ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन।अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>६३.<br>११</td><td></td><td></td><td>सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री,प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो व्यहोरा अनुसार बीमा भएको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |
| ६४ | 82 | २०७८-११-१२ | **विजक वेगर मु.अ.कर भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण, कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले खडा खालिवटा सिँचाइकुलो निर्माण उपभोक्ता समितिलाई संलग्न नापी किताव अनुसार सरियाको कार्यको लागि १८७७.४७ के.जी. सरिया लाग्ने उल्लेख गरेकोमा उपभोक्ता समितिले जम्मा रु.१६००।० के.जी. मात्र सरिया खरिद गरेको मु.अ.कर विजक पेश गरेको देखिएकोले नपुग सरिया २७७।४७ के.जि.को मु.अ.कर रकम रु.३३५४।६ सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ३,३५४.४ |
| ६५ | | | **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेकोः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमावलीमा उल्लेख भएको व्यवस्था पालना गरी खर्च गर्नुपर्दछ । | |

| क्र.सं. | उपभोक्ता समितिको नाम | उपभोक्ता समिति सँग भएको सम्झौता अंक श्रमदान बाहेक | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत |
|---|---|---|---|---|
| १ | वछुला सडक सुधार विस्तार | १९२०००.० | शिवलिङ्ग निर्माण सेवा | १७०६५०.० |
| २ | डिस्लानी जमनफटा कृषि सडक | ३८४०००.० | | ३११८०५.० |

| | | | | |
|---|---|---|---|---|
| ३ | नवलदेब देखि टोटीखालीसम्म सडक निर्माण | १०८००००.० | सिद्धबाबा नागार्जुन निर्माण सेवा प्रा.ली. | ८०६२०६.० |
| ४ | स्वलपाला बगार सडक निर्माण | ९६००००.० | | ८०५७०२.० |
| ५ | शर्माली सनकोट फल्या सडक सुधार | १९२०००.० | | १५०६४५.० |
| ६ | स्वला बेडुमाई सडक निर्माण | ६७२०००.० | | ५६८७५७.० |
| ७ | दन्नि बोड्या सडक | ४८००००.० | | ३७८८००.० |
| ८ | बुङ्गा देखि द्वारीकादेवी सडक निर्माण | ६३१४२४.० | शिवनाथ नागार्जुन कन्ष्ट्रक्सन | ६१९६९१.० |
| | जम्मा | ४५९१४२४.० | | ३८१२२५६.० |

६६ | ३७१,४६९

**पाइप खरिद र जडान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले सम्झौता, नापी किताब संलग्न नगरि देहायबमोजिमको कार्यक्रमबाट विभिन्न साइज (१६ एमएम देखि ९० एमएम) का ५०८५ मिटर खानेपानी पाइप खरिद रु. ३७१४६९।० भुक्तानी गरेको देखिएकोले खरिद भएका पाइप जडान भएको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन लगाएतका कागजात पेश गर्नुपर्ने रु.

| सि.नं. | भौ.नं. | कार्यक्रम | साइज | पाइप विवरण मि. | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १२५ | ब्रह्मपुर कमलपुर सिचाइ पाइप खरिद | विभिन्न | १०५० | १४३१००.० | खरिद भएको जडान नभएको |
| २ | १५२ | खोन्यादा सिँचाइ पाइप खरिद | ४० mm | ८४० | ९६०००.० | खरिद भएको जडान नभएको |
| ३ | १३५ | अगल मौरी लामाखाली सैनगडी खा.पा. योजना | २० mm | १९०० | ७८७१७.० | २१०० मि. खरिद भएकोमा २०० मि. मात्र जडान भएको |
| ४ | ३०९ | सिद्धनाथ आ.वि. खानेपानी निर्माण योजना | २०mm | ७५५ | ३१२८०.० | ७४३० मि. खरिद भएकोमा ६६७५ मि. मात्र जडान भएको |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>३२२</td><td>उदयदेव मन्दिर खानेपानी योजना</td><td>२० mm</td><td>५४०</td><td>२२३७२.०</td><td>१५०० मि. खरिद भएकोमा ९६० मि. मात्र जडान भएको</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>५०८५</td><td>३७१४६९.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७</td><td>116</td><td>२०७८-१२-१६</td><td>सरस्वती मा.वि. फिल्ड सुधार<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले सरस्वती मा.वि. फिल्ड सुधार कार्यक्रममा संलग्न दर विश्लेषण अनुसार ढुंगा मिसिएको माटो खन्ने कार्य प्रति घन मिटर रु.६१८।० का दरले हुने उल्लेख गरेकोमा भुक्तानी विलमा रु१२२८।२८ का दरले भुक्तानी गरेकोले प्रति घ.मी. रु.६१८।२८ का दरले ३४.४१ घ.मी.को रु.१६७५३।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गरि दाखिला गर्नुपर्ने रु.</td><td>१६,७५३</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>परामर्श सेवाको लागत अनुमान<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(३) अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक सहितका अन्य खर्चहरु खुलाउनु पर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको परामर्श सोझै विधिबाट खरिद गरेको तथा लागत अनुमान पनि लमसममा तयार गरी रु. ९९४४९९।० भुक्तानी गरेको छ । नियमावलीले व्यवस्था गरेको खर्चहरु नखुलाई लमसममा लागत अनुमान तयार गर्ने कार्य नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>परामर्शदाता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>२६८</td><td>शर्मालीगढी डि.पि.आर. निर्माण</td><td>के.एस. इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली.</td><td>४९८०००.०</td></tr>
<tr><td>२</td><td>३०२</td><td>यातायात गुरुयोजना निर्माण</td><td>निकटतम इमभाइरो इन्जिनियरिङ्ग प्रा.ली.</td><td>४९६४९९.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९९४४९९.०</td></tr>
</table>
</td><td>९९४,४९९</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>कार्यक्रम सञ्चालन प्रतिवेदन<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(८) अनुसार स्वीकृत कार्यक्रम अनुसार संचालित तालिम, सेमिनार, गोष्ठि, कार्यशाला सम्पन्न भए पश्चात विल भर्पाइ सहित कार्यक्रममा उपस्थित तथा लाभान्वित व्यक्तिको संख्या र उपस्थित समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराउनु पर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको कार्यक्रम सञ्चालनको लागि रु. ४४४२०३।० भुक्तानी गरेको छ । उक्त रकमबाट सञ्चालित कार्यक्रम, प्राप्त उपलब्धि, सहभागि संख्या लगायतको विवरण संलग्न नगरी सोझै</td><td>४४४,२०३</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>पेश भएको विलभर्पाइको आधारमा खर्च लेखेको आधारमा सञ्चालित कार्यक्रम तोकीएअनुसार प्रभावकारी भए नभएको सम्बन्धमा एकिन हुन सकिदैन । अतः समग्र कार्यक्रम, गरिएका क्रियाकलाप, प्राप्त उपलब्धि, सहभागि विवरण खुल्ने कार्यक्रम सञ्चालन प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>भुक्तानी लिनेको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>३१</td><td>वडा स्तरीय भलिबल कार्यक्रम</td><td>कर्ण सिंह धनाडी</td><td>१०००००.०</td><td></td></tr>
<tr><td>२</td><td>१७३</td><td>महिला आयआर्जन तथा सचेतनमुलक कार्यक्रम</td><td>टंक प्रसाद पन्त</td><td>३४४२०३.०</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४४४२०३.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत खरिद<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार खरिद कार्य उपभोक्ता समितिबाट गर्न मिल्ने देखिदैन । पालिकाले देहायबमोजिमको खरिद कार्य उपभोक्ता समिति मार्फत गराइ रु.३९१००।० भुक्तानी गरेको छ । यसरी नियमावलीमा भएको व्यवस्था विपरित उपभोक्ता समितिमार्फत भएको खरिद कार्यलाई नियमसम्मत मान्न सकिएन। उक्त सामान प्रयोग भएको देखिने नापी किताव र कार्य स्वीकार प्रतिवेदन समेत पेश हुनुपर्ने रू
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>साइज</th><th>पाइप विवरण मि.</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१२५</td><td>ब्रह्मपुर कमलपुर सिचाइ पाइप खरिद</td><td>विभिन्न</td><td>१०५०</td><td>१४३१००.०</td><td>खरिद भएको जडान नभएको</td></tr>
<tr><td>२</td><td>१५२</td><td>खोन्यादा सिँचाइ पाइप खरिद</td><td>४०एमएम</td><td>८४०</td><td>९६०००.०</td><td>खरिद भएको जडान नभएको</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>१८९०</td><td>२३९१००.०</td><td></td></tr>
</table>
</td><td>२३९,१००</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>उपभोक्ता समितिको कार्य</td><td></td></tr>
<tr><td>७१.१</td><td></td><td></td><td>खर्च सार्वजनिकीकरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिमार्फत निर्माण गरेका सबै योजनाको संरचना निर्माणको काम</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गराएकोमा उपभोक्ता समितिले गरेको सम्पुर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । नियममा भएको व्यवस्था अनुसार सबै प्रकृया पुरा गरी उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ । | |
| ७१.२ | | | **हेभी इक्विपमेण्टको प्रयोग**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभए पनि नापजाँच गरी भुक्तानी दिएको देखिएको छ । यस्तो कार्य नियमानुसार नभएकोले सुधार हुनुपर्दछ । | |
| ७१.३ | | | **हस्तान्तरण नगरेको**- सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने,तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने,९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ७१.४ | | | **थप प्रमाण नभएको**- उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धी कार्य गर्दा उपभोक्ता भेला गरेको माइन्युटका अतिरिक्त उपभोक्ता समितिले बिभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संम्लग्न गरेमा कामको बिश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउनेमा सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन ।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि बिश्वस्त हुने अबस्था छैन । यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ । | |
| ७२ | | | **ठेक्का व्यबस्थापन**<br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाँउपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः (रु.हजारमा) | |

| **कुल निर्माण खर्च** | **सोझै खरिद** | **सिलबन्दी दरभाउपत्र** |
|---|---|---|
| १०८३०९ | १९९४ | ५६८६ |

| | | | | |
|---|---|---|---|---|
| ७३ | | | **प्राविधिक बिल र कार्य सम्पन्न**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ७४ | | | **सडक सफाई कार्य** | |
| ७४.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले सडक सफाइ कार्यमा चेनेज तथा स्थान नखुलाई प्राविधिक नापजाँच तथा कार्यसम्पन्न प्रतिवेदन बेगर पालिकाको आफ्नै एक्साभेटर लगायतका साधन प्रयोग गरी काम गर्न कुनै पहल नगरी प्रतिघण्टा ३५००।० का दरले देहायबमोजिम डोजर भाडामा लिई भुक्तानी गरेको छ । यस्ता कार्य गर्न पालिकाकै साधन प्रयोग गर्न प्राथमिकता दिने व्यवस्था गरी भुक्तानी रकमको प्राविधिक नापजाच, नापी किताब र चेनेज खुल्ने प्रमाण पेश हुनुपर्ने रु. | १,२५६,५३५ |

| क्र.सं. | भौ.नं. | भुक्तानि लिनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ६-७२५ | मान बहादुर पाल | १४००००.० | |
| २ | ७-७।२७ | नरेन्द्र साउद | ४५५०००.० | |
| ३ | १८-८।२२ | शिवछडी नागार्जुङ निर्माण सेवा | ३५७०००.० | |
| ४ | २६-९।१४ | प्रकाश औजी | ३५०००.० | |
| ५ | ५९-१०।२३ | मान वहादुर पाल | १२२७४२.० | |
| ६ | २३५-३।१७ | शिवनाथ नागार्जुन कन्ष्ट्रक्सन | १४६७९३.० | |
| जम्मा | | | १२५६५३५.० | |

<table>
<tr><td>७४.<br>२</td><td>235</td><td>२०७<br>९-३-<br>१७</td><td>सडक सफाइ कार्यमा प्रतिघण्टा रु.३५००.० दरले कार्य गर्ने गरेकोमा शिवनाथ नागार्जुन कन्ष्ट्रक्सन संग सम्झौता गरी प्रतिघण्टा रु.४०००।० का दरले ३७.७० घण्टाको रु.१४६७०३।० भुक्तानी गरेको छ । अन्य सडक सफाइ कार्य भन्दा प्रतिघण्टा रु.५००।० बढी दिने आधार नभएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>१८,८५०</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>सामाजिक सुरक्षा वितरण<br>पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत नेपाल एस विआई वैंक शाखा कार्यालय शिवनाथ वाट जम्मा रु. ७३४४४३४४ वितरण गरेको विवरण उपलब्ध गराएको छ ।<br>सामाजिक सुरक्षा कार्यक्रम कार्यबिधि निर्देशिका, २०७५ बमोजिम बैंकबाट लाभग्राहीको खातामा चौमासिक रूपमा सामाजिक सुरक्षा भत्ता निकासा गर्नुपर्ने व्यवस्था छ। बैंकले लाभग्राहीको खातामा राखेको लाभग्राहीको नाम नामेसी र खाता नम्बर सहितको देखिने गरी बार्षिक वितरण गरेको सामाजिक सुरक्षा भत्ताको भरपाई प्रमाणित गरी पालिकामा पठाउनु पर्ने व्यवस्था छ। लेखापरीक्षण अबधि २०७९।०५।१० सम्म पनि रू ६७,२७३।५० बैंकवाट वितरण हुन नसकि मौज्दात रहेकोले उक्त रकम संघीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने रू.</td><td>६७,२७३.५</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>नाम तोकी योजना निर्माण<br>पालिकाले योजना तयार गर्दा आवश्यकता र प्रभावकारीताको आधारमा तयार गर्नुपर्दछ । यस आर्थिक वर्षमा पालिकाले लाभग्राहीको नाम नै उल्लेख गरी कार्यक्रम तयार गरेकोबाट उक्त कार्यक्रममा प्रतिस्पर्धा नहुने, तथा तोकीएको कार्यक्रममा प्रभावकारीता नआउने जोखिम रहन्छ । यसरी नाम नै किटान गरी कार्यक्रम तर्जुमा नगरी माग, आवश्यकता र प्रभावकारीतालाई ध्यानमा राखि योजना निर्माण गर्नुपर्दछ । केही उदाहरण निम्न छन्<br>
<table>
<tr><th>क.सं.</th><th>कार्यक्रमको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>जयलक्ष्मी साना किसान कृषि सहकारीलाई सामान खरिद</td><td>१४४०००.०</td><td></td></tr>
<tr><td>२</td><td>उदयदेव उपभोक्ता सहकारी सामाग्री खरिद</td><td>७५०००.०</td><td></td></tr>
<tr><td>३</td><td>चाउमिन बनाउने मेसिन खरिद (दिपक)</td><td>५००००.०</td><td></td></tr>
<tr><td>४</td><td>मनोज लुहार आरन सुधार बछला</td><td>७००००.०</td><td></td></tr>
<tr><td>५</td><td>सुन्दर राम तिर्वा आरन सुधार बछला</td><td>७००००.०</td><td></td></tr>
<tr><td>६</td><td>गगने लुहार आरन सुधार बछला</td><td>७००००.०</td><td></td></tr>
<tr><td>७</td><td>आरन सुधार सामाग्री खरिद नन्दराम लुहार</td><td>७००००.०</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

७७ | | | | १५,७७०

**व्यबस्थापन खर्च**

सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(८) मा सार्बजनिक निकायले प्राबिधिक सहयोग उपलव्ध गराउन नसकेको अबस्थामा उपभोक्ता समितिले नियुक्त गरेको प्राबिधिकका लागि कन्टिन्जेन्सीबाट कट्टा हुने गरी पारिश्रमिकका लागि लागत अनुमानको तीन प्रतिशतभन्दा बढी नहुने गरी रकम उपभोक्ता समितिलाई दिन सकिने व्यबस्था भए पनि सो बाहेक कामका लागि थप भुक्तानी दिन नमिल्ने भए पनि व्यबस्थापन खर्च भनि यस पालिकाकाले नमुना छनौट गरी परीक्षण गरीएका निम्न उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको पाइयो । पालिकाले सञ्चालित योजनामा रु.१ हजार देखि रु.८ हजार सम्म व्यवस्थापन खर्च भुक्तानी गर्ने गरेको छ । यसरी नियमावलीमा व्यवस्था नभएको व्यवस्थापन खर्च भुक्तानी दिनु मनासिव नदेखिएकोले यस्तै प्रकारले अन्य उपभोक्ता समितिलाई भुक्तानी दिएको रकम पालिकाबाटै एकिन गरी असुल गर्नुपर्ने रु.

| **भौ.नं.** | **योजना** | **व्यवस्थापन खर्च रकम** |
|---|---|---|
| ३०६ | शिवनाथ मन्दिर गेट निर्माण | ५०००.० |
| ३०९ | शिवनाथ आ.वि. खा.पा. योजना खाल | ४०००.० |
| ३३२ | भानमति गंगा संरक्षण सुल्लेखान खा.पा. योजना | ३७७०.० |
| ३३४ | बुङ्गा देखि द्वारिका सडकसम्म जोड्ने सडक | ३०००.० |
| **जम्मा** | | **१५७७०** |

७८ | | | | १५६,८००

**नाप फरक पारी भुक्तानी**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९. (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्दछ ।यसका अतिरिक्त बिज्ञापन प्रकासन गर्दा अन्य प्रत्रिकाले प्रकासन गरेको दरमा २५ प्रतिशतसम्म छुट दिने गरेकोमा यस पालिकाबाट प्रकासित कुनै पनि बिज्ञापनमा २५ प्रतिशतभन्दा न्युन छुट लिने गरेको देखिन्छ । तल तालिकामा उल्लेख भएको कामको लागि आरभ एडभरटाइजिङ्ग एजेन्सीलाई विज्ञापन उपलव्ध गराई निजले पेश गरेको बिलमा १० प्रतिशतमात्र छुट लिएर प्रकाशित बिज्ञापनको भुक्तानी दिएको छ भने प्रकाशित साइज अनुसार भुक्तानी दिनु पर्नेमा नाप बढाएर भुक्तानी लिने दिने गरेको देखिएकोले नाप फरक पारी भुक्तानी दिने कार्य मनासिब देखिएन । यस पालिकाबाट उक्त प्रा लि लाई अन्य बिज्ञापन बापत भुक्तानी दिँदा यस्तै प्रकारले भुक्तानी दिए नदिएको एकिन गरी बढी भुक्तानी दिएको रकममा सुद समेत गणना गरी अशुल गर्नुपर्ने रु.

| **गो भौ/ मिति** | **सुचना प्रकाशन मिति** | **पत्रिका** | **बिषय** | **साईज प्रति कोलम** | **हुने सिसि** | **विलमा उल्लेखित सिसिसाईज** | **बढी सि सि साईज** | **दर रु** | **१० प्रतिशत छुट** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | प्रति सि सि | | | | | पछि कायमदर | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | | | | | | | | |
| ४/०७८।६।१९ | २०७८।५।१६ | राजधानी दैनिक | निर्माण सम्बन्धी सूचना | ५।१६ | ८० | ११० | ३० | १४०० | १२६० | ३७८००। |
| ५।०७८।७।२६ | २०७७।३।२ | ऐ ऐ | निर्माण सम्बन्धी सूचना | ५।२५ | १२५ | २१० | ८५ | १४०० | १२६० | ११९०००। |
| | | | | | | | | | जम्मा | १,५६,८००। |

७९

**प्रमाण बेगर खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । तर बिद्यालय पूर्बाधारको निर्माण अनुदान कार्यका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट(संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजिगत) बाट निम्न बिद्यालयका लागि निकासा दिएकोमा उक्त काम सम्पन्न गरेको प्रमाण कागजात लेखापरीक्षण समयसम्म पेश गरेको देखिएन भने उक्त रकम निकासा दिँदा पेश्की जनाएको समेत पाइएन । आर्थिक बर्ष २०७८।७९ मा नै सम्पन्न गर्नुपर्ने कार्य सम्पन्न नगरी पेश्की समेत नजनाई सोझै भुक्तानी खर्च लेख्ने कार्य मनासिब देखिएन । बिल बिजक बेगर पेश्की नजनाई निकासा दिएको रकमको तोकिएको उदेश्य अनुसार काम गरेको देखिने सक्कल प्रमाण कागजात तथा कार्यसम्पन्न प्रतिवेदन समेत पेश हुनु पर्ने रु.

| क्र सं | गो भौ/ मिति | बिद्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | १४२।०७९।३।२३ | शारदा मा बि, कुँडमटेल | बिद्यालय पूर्बाधारको निर्माण | १२,१८,०००। |
| २ | | युवाबर्ष आ बि, बस्कोटी | | १२,२०,०००। |
| ३ | | केदारनाथ आ बि, सकरा | | १२,०६,०००। |

७,६६४,००० 

| | | | | |
|---|---|---|---|---|
| ४ | | केदारनाथ आ बि, पौंखर | | १२,२०,०००। |
| ५ | | चन्द्रदेवल मा बि, स्वलपला | | १८,००,०००। |
| ६ | १३९।०७९।३।२० | नागार्जुन मा बि | ल्याब व्यबस्थापन | १०,००,०००। |
| | | जम्मा | | ७६६४०००। |

८०

**सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पाङग्रे सवारि साधन खरिदमा रु ५६७८२०। खर्च गरेको मनासिव देखिएन।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | २ | ५६७८२० |
| | **जम्मा** | | ५६७८२० |

८१

**बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रू १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. 108308550.00 पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८२

**योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७।७८ को अध्ययन गर्दा

<table>
<tr>
<td></td><td></td><td></td>
<td>पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन ।
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>९७</td><td>५१</td><td>१०</td><td>२</td><td>१५</td><td>१७५</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू ५० हजार देखि ६० लाख सम्मका जम्मा १७५ वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र ९७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>८३</td><td></td><td></td>
<td>अन्य संस्थालाई अनुदान<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यायिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसारको खर्च रकम रु.२४४०००.० मितव्ययी र बजेट प्रभावकारी भएको देखिदैन । गाउँपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>भौ.नं. र मिति</td><td>भुक्तानी लिने संस्थाको नाम</td><td>कार्यक्रम</td><td>रकम</td></tr>
<tr><td>१९६-१२।२९</td><td>नेपाल रेडक्रस सोसाइटी उपशाखा शिवनाथ</td><td>कार्यालय व्यवस्थापन</td><td>१०००००.०</td></tr>
<tr><td>२५५-३।१०</td><td>जयलक्ष्मी साना किसान कृषि सहकारी संस्था</td><td>कम्प्युटर, प्रिन्टर लगायत सामाग्रि खरिद</td><td>१४४०००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२४४०००.०</td></tr>
</table></td>
<td>२४४,०००</td>
</tr>
<tr>
<td>८४</td><td></td><td></td>
<td>अपाङ्गता सहायता कार्यक्रम<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा कुनै पनि सरकारी कारोबारको विल भर्पाइ सहितको लेखा राखु पर्ने व्यवस्था छ । पालिकाले अपाङ्ग सहायता कार्यक्रममा अपाङ्गता परिचयपत्रको आधारमा तोकादेश अनुसार देहायबमोजिमका व्यक्तिलाई सोझै रकम भुक्तानी गर्ने गरेको देखियो । यसरी रकम प्राप्त गर्ने व्यक्ति वास्तविक रुपमा सहायता प्राप्त गर्न योग्य हो वा होइन केहि उल्लेख गरिएको छैन । अत अपाङ्गता सहायता रकम प्राप्त गर्ने स्पष्ट प्रमाण लिएर मात्र भुक्तानी दिने व्यवस्था हुनु पर्दछ।</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.सं.</td><td>सहायता प्राप्त गर्नेको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>ज्ञानेश्वर प्रसाद पन्त</td><td>६००००.०</td></tr>
<tr><td>२</td><td>गर्जे सिंह धनाडी</td><td>२५०००.०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>स्पेशिफिकेसन उल्लेख नभएको<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालयमा कुनै माध्यमबाट प्राप्त जिन्सीको विवरण र मुल्य खुलाई सात दिन भित्र आम्दानी बाध्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा २ थान मोटरसाईकल रू ५६७८२०। मा खरिद गरेकोमा स्पेशिफिकेशन, इन्जिन नम्बर र च्यासिस नम्बर उल्ललेख नगरी दाखिला गरेकोमा इन्जिन र च्यासिस नम्बर खुल्ने गरी स्पेशिफिकेशन खुलाइ दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>शिक्षकको तलब भत्ता<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर विभिन्न विद्यालयहरूमा ८२ जना गाँउपालिका शिक्षक नियुक्त गरी वित्तीय समानीकरण अनुदानवाट गत वर्षको तेस्रो चौमासिक सहित रू १७५३६७१०।०० तलब भत्ता भुक्तानी गरेको पाईयो। यस्तो भुक्तानी अनियमित देखिएको रू</td><td>१७,५३६,७१०</td></tr>
<tr><td>८७</td><td></td><td></td><td>विपद व्यवस्थापन</td><td></td></tr>
<tr><td>८७.१</td><td></td><td></td><td>समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थपन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरी १० वटा बैठक सम्पन्न गरेको छ । ऐनमा तोकिएबमोजिम समिति गठन गरे पछि तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८७.२</td><td></td><td></td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद/कार्यकारी/प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद घरपरिवारको</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ८७.३ | | | **विपद व्यवस्थापन कोष**– विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ३०३८२७०।५९ आम्दानी भई रु. ९५६६७२।० खर्च गरी बाँकी रु. २०८१५९९।५९ देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेको/नियम बनाएको/कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८७.४ | | | **वार्षिक प्रतिवेदन**– विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८८ | | | **आन्तरिक लेखापरिक्षण**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ अनुसार कार्यालयले आन्तरिक लेखापरिक्षण प्रतिवेदनमा औंल्याइएको कैफियत सम्बन्धमा अन्तिम लेखापरिक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी फस्योँट गरि सक्नु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरिक्षण वाट औंल्याईएको देहायअनुसारका वेरूजु लेखापरीक्षण अवधिसम्म फस्योँट नगरेकोले नियमानुसार फस्योँट गर्नु पर्दछ। | |
| ८८.१ | | | (see table below) | |

| क्र.स. | वेरूजुको व्यहोरा |
|---|---|
| १ | **<u>सोझै खरीद</u>** - सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख भन्दा वढीको लागत अनुमान भएको निर्माण कार्य, माल-सामान खरिद गर्दा वोलपत्रको माध्यमवाट खरीद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष रु. ४८,७७,६२४।- वरावरको कार्यालय सामान टुक्रा टुक्रा गरी सोझै खरीद गरेको छ । नियममा भएको व्यवस्था बमोजिम वोलपत्रको माध्यमवाट प्रतिस्पर्धा गरी नियमको पालना गरी खर्च गर्नुपर्दछ । |
| २ | **<u>अबकाश कोषको ब्यबस्था</u>** - स्थानिय सरकार संचालन ऐन २०७४को दफा ९१ मा स्थानिय तहले स्थानिय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धि कानुन वमोजिम अवकास हुँदा प्राप्त गर्ने योजनामा आधारित उपदान वा निवृतिभरण, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउनका लागी एक अवकाश कोषको व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले ऐनले गरेको व्यवस्था वमोजिम अवकाश कोष गठन गरेको छैन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ३ | **भण्डार शाखा:** विभिन्न मितिमा वस्तु तथा सेवाको खरिद गरिएकोमा धेरैजसो माग फारम,खरिद आदेश, दाखिला प्रतिवेदनमा उल्लेख गर्नुपर्ने सबै (मिति,माग गर्नेको नाम, जिन्सिवर्गिकरण, खाता पाना नं.आदि) विवरणहरु उल्लेख नगरिएकोले सबै विवरणहरु उल्लेख गरी श्रेस्ता दुरूस्त राखुपर्दछ। साथै खर्च भईसकेका सामानहरुलाई खर्च नजनाई दाखिलामा राखिएको देखिन्छ। दाखिला प्रतिवेदनमा दाखिला गरिएका सामानहरु र जिन्सी खातामा दाखिला गरिएका सामानहरुको स्रेस्ताहरु दुरुस्त नराखिएकोले स्रेस्ता दुरुस्त राखुपर्दछ। त्यस्तो जिन्सि मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा सोको कारबाही पनि सुरू गर्नु पर्दछ। | |
| | | | ४ | **खरिद योजना**-सार्वजनिक खरिद ऐन,2063 ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली,2064 को नियम ८ बमोजिम वार्षिक रू१० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ४८,७७,६२४। को खरिद गरेको छ। तर गाउँपालिकाले उक्त ऐन नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद गरेको देखिन्छ। गाउँपालिकाले उक्त ऐन नियम बमोजिम वार्षिक खरिद योजना बनाई खरिद गर्नुपर्दछ। | |
| | | | ५ | **वडा विविध खर्च**-वडा अन्तर्गतका वडा कार्यालयहरुलाई कार्यालय सञ्चालन खर्च वापत वडा कार्यालयहरुलाई भुक्तानी दिएकोमा वडा कार्यालयहरुले खाना नास्ता तथा अन्य सामानहरुको बिल पेश गर्नुपर्नेमा भरपाईको आधारमा खर्च लेखेको पाईन्छ। तसर्थ विविध खर्चमा मितव्ययिता र एकरुपता ल्याउन विविध खर्च सम्बन्धि कार्यविधि बनाई लागू गर्नुपर्ने देखिन्छ। वडागत विविध खर्च र बैठक खर्चको विवरण निम्न छ। | |

| **वडा नं.** | **विविध खर्च** | **बैठक भत्ता वडा समिति** |
|---|---|---|
| 1 | 215651 | 132000 |
| 2 | 193230 | 113000 |
| 3 | 181265 | 131000 |
| 4 | 190955 | 120000 |
| 5 | 242915 | 96000 |
| 6 | 195000 | 144000 |
| **जम्मा** | **1219016** | **736000** |

| | | | | |
|---|---|---|---|---|
| | | | ६ — 138-2078/09/08सार्वजनिक खरिद नियमावलीको नियम ८५ को ४ अनुसारसार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तीमा तीन वटा आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने छ । तर गाउपालिकाले सार्वजनिक सुनुवाई संचालन वापत रु 157500 सोझै भुक्तानी गरेको छ। प्रस्ताव माग गरी खरिद गर्नुपर्दछ। साथै कार्यालयका जनशक्ति बाट सम्पन्न हुन सक्ने कामलाई सकेसम्म कार्यालय आफैले गर्नुपर्दछ।<br><br>७ — गो. भौ. नं. 275,276 र 277 लाई हेर्दा कार्यालयले रु.1382103। बराबरको एउटै प्रकृतिकोखरिद लाई एकै चोटीमा खरिद गर्न सकिनेमा ३ पटक गरि खरिद गरेको छ। शिलबन्दी दरभाउपत्र वाट खरिद गर्नुपर्नेमा प्रतिस्पर्धा सीमित हुने गरि टुक्रा गरि तीनवटा कोटेशनबाट सोझै खरिद गरेको छ। सार्वजनिक खरिद नियमावलीको पालना गरि खरिद गरेको अवस्था देखिएन। खरिद गर्दा प्रतिस्प्रर्धाको लाभ प्राप्त हुने गरी गर्नुपर्दछ।<br><br>८ — **उपभोक्ता समितिले सोझै खरिद**-यस वर्ष गाउँपालिकाले उपभोक्ता समिति मार्फत विभिन्न योजना तथा कार्यक्रम संचालन गरेकोमा केहि उपभोक्ता समितिले एक लाख रूपैया माथिको सामाग्रि सोझै खरिद गरेको देखिन्छ। गाउँपालिकाले यस्ता कार्यहरुमा नियन्त्रण गरि कम्तिमा तीन वटा प्रस्ताव माग गरि प्रतिस्पर्धाको माध्यमबाट सार्वजनिक खरिद नियमावली अनुसार खरिद गर्नुपर्दछ। केहि उदाहरण निम्न छन।<br>क.स. / उपभोक्ता समिति / रकम<br>१ / सुल्लेखान कफाडी सडक नि उ स / 164089<br>२ / खेल मैदान पर्खाल निर्माण नि उ स / 238931 | |
| ८८.<br>२ | | | **क.स.** / **वेरूजुको व्यहोरा** / **वेरूजु रकम**<br>१ / 418-2079/03/18 Good Vision Services PVT LTD लाई सूचना प्रकाशन वापत रु 129667 भुक्तानी भएकोमा VAT बिलको बिल नं Printed हुनुपर्नेमा हस्तलिखित विजक नं रहेको देखिन्छ। हस्तलिखित बिजक जारी गर्न / १२९६६७ | १,२३१,६६७ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>नहुनेमा गरेकोले भुक्तानी दिएको मु. अ. कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू</td><td></td></tr>
<tr><td>२</td><td>557-2079/03/24 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले शर्माली सामुदायिक अध्ययन केन्द्रलाई विभिन्न सामाग्रि खरिद र तलब वापत रु136000 भुक्तानी भएकोमा सामाग्री खरिद गरेको रु 102000 बराबरको बिल भरपाई पेश बेगर प्रस्तावनाका आधारमा भुक्तानी भएकोले बिल भरपाई पेश गर्नुपर्ने रू</td><td>१०२०००</td></tr>
<tr><td>३</td><td>139-2079/03/20 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। तर गाउँपालिकले नागार्जुन मा वि ल्याव व्यवस्थापन वापत रु 1000000 भुक्तानी गरेको देखिन्छ। बिल भरपाई सहित अन्य खर्च पुष्टयाई गर्ने कागजात प्रमाण पेश गर्नुपर्ने रू</td><td>१००००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२३१६६७</td></tr>
</table>
</td>
<td></td>
<td></td>
</tr>
<tr>
<td>८८.<br>३</td>
<td></td>
<td></td>
<td>
<table>
<tr><th>क.स.</th><th>वेरूजुको व्यहोरा</th><th>बेरूजु रकम</th></tr>
<tr><td>१</td><td>314-2079/03/25 भुतलाछ्पु धर्मशाला निर्माणमा 2 लाख बजेट विनियोजन भएकोमा कार्य सम्पन्न प्रतिवेदन अनुसार 185926। भुक्तानी हुनुपर्नेमा 188325। भुक्तानी भएकोले बढी भुक्तानी भएको रु 2399। असुल गर्नुपर्ने रू</td><td>२३९९</td></tr>
</table>
</td>
<td></td>
<td>३६,८६३.४</td>
</tr>
</table>

| | | |
|---|---|---|
| २ | 65-2078/11/16 शिवलिङ्ग निर्माण सेवा सँग साउगडा बछला सडकको ठेक्का सम्झौता रु. 3608481।60 मा भएकोमा प्रथम र अन्तिम बिल गरी कार्य सम्पन्न प्रतिवेदन अनुसार जम्मा रु.3606761।6 भुक्तानी हुनुपर्नेमा रु.3642946 भुक्तानी भएकोले बढी भुक्तानी रु 34464।4 सम्बन्धित बाट असुल उपर गर्नुपर्ने रू | ३४४६४।४ |
| **जम्मा** | | **३६८६३।४** |

८९

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐनस्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B) | गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B) |
|---|---|---|
| ११२७३३ | ७८१५ | १०४९१८ |

यस वर्ष पालिकाले रू ७८१५५१५ फस्यौंट गरी सम्परीक्षणको लागि अनुरोध भई आएकोमा निम्नानुसार रू ७८१५५१५ सम्परीक्षण गरिएको छ।

| सि.नं. | आ.व. | दफा | व्यहोरा | फस्यौंटको आधार | रकम |
|---|---|---|---|---|---|
| १ | २०७६।७७ | ५४ | धनगढी टायर हाउसबाट २ टायर खरिद गरिएकोमा माग फाराम खरिद आदेश र दाखिला रिपोट नभएको | प्रमाण पेश भई आएको | ४१००० |
| २ | २०७६।७७ | ४४ | सवारी साधन मर्मत बाफत दक्षिणकालि ईन्कारर्पोरेटेड प्रा.लि. लाई बिल भन्दा बढी भुक्तानी भएकोले असुल उपर गर्नु पर्ने | असुल दाखिला भइ आएको | ८१४१२ |
| ३ | २०७६।७७ | ६१ | स्वास्थ्य व्यवस्थापन प्रणालि नवीकरण बाफत नक्कली बिल राखि भुक्तानी भएको | सक्कल बिल पेश भई आएको | ९७१८० |
| ४ | २०७६।७७ | ५८ | भ्रमण आदेश वेगर खर्च भएको | प्रमाण पेश भई आएको | ९५०० |
| ५ | २०७६।७७ | ४० | नपुग आयकर सम्बन्धितबाट असुल गर्नु पर्ने | असुल दाखिला भइ आएको | ११२७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | २०७६।७७ | ४१ | पारिश्रमिक कर सम्बन्धितबाट असुल गर्नु पर्ने | असुल दाखिला भइ आएको | ११९५० |
| ७ | २०७६।७७ | ६३ | डाटा डिजिटाईजेसन बाफत रू ८४००० भुक्तानी भएकोमा नक्कल सम्झौता राखेको | सक्कल सम्झौता पेश भई आएको | ८४००० |
| ८ | २०७६।७७ | ३९ | कृषि सामग्रीहरू किसानले बुझेको प्रमाण पेश गर्नु पर्ने | प्रमाण पेश भई आएको | ५८४७४० |
| ९ | २०७६।७७ | ९३ | बिभिन्न व्यक्तिहरूको म्याद नागेको पेश्की फस्र्यौट गर्नुपर्ने | पेश्की फस्र्यौट भइ आएको | ६८९४४५८ |
| **जम्मा** | | | | | **७८१५५१५** |